साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को प्रकाशन

# साना किसान

वर्ष १४, पूर्णाङ्क २१ (माघ–फागुन २०७०) द्वैमासिक

साना किसान विकास अभियानमा संलग्न जनशक्तिका लेख विशेषाङ्क

## यस अंकमा


| | |
|---|---|
| साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रमको प्रभावकारिता | ३ |
| सहकारी ऐन २०७४ सम्बन्धी केही कानूनी प्रावधान | ४ |
| कम पानीमा धेरै उत्पादन | ५ |
| सहकारीमा नयाँ अनुसरण अभ्यास : साना किसानको ... | ६ |
| अविस्मरणीय कर्णाली र साना किसान अभियान | ८ |
| पृथ्वीनगरको गरिबी न्युनीकरणमा साना किसान कृषि ... | १० |
| कृषि सहकारी र उत्पादनको बजारीकरण | ११ |
| मेहनतलाई नै जीवनको लक्ष्य ठान्ने कृषक पार्वती सुनार | १२ |


## प्रमुख कार्यकारी अधिकृत आप्राका बैठकमा सहभागी





एशिया तथा प्रशान्त ग्रामीण कृषि कर्जा सङ्घ **(APRACA)** तथा भारतको **NABARD** द्वारा संयुक्त रूपमा आयोजित छैठौं वर्ल्ड कंग्रेसको बैठकमा साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत श्री शिवराम प्रसाद कोइराला सहभागी हुनुभयो । प्रमुख कार्यकारी अधिकृत कोइराला गतः वर्ष असोजमा श्रीलङ्कामा सम्पन्न आप्राका कार्यकारी समितिको ७० औं बैठक एवम् २१ औं सभाबाट सो सङ्घको कार्यकारी समितिको सदस्य को रूपमा चयन हुनुभएको थियो ।

२०१९ नोभेम्बर १३ र १४ मा भारतको दिल्लीमा आयोजित उक्त बैठकमा ३० देशका २५० भन्दा ज्यादा प्रतिनिधिहरू सहभागी थिए । उक्त सम्मेलनमा जलवायु परिवर्तन, दिगो विकास,मूल्य शृङ्खला, पानी व्यवस्थापन साना किसानका लागि बाली बीमालगायतका विषयमा छलफल भएको थियो । विश्वमा विस्तार भइरहेको जनसंख्याका लागि पर्याप्त खाद्यान्नको जोहो हुनुपर्ने घोषणाका साथ सो बैठक सम्पन्न भएको थियो ।

यस वित्तीय संस्थाको १९ औं वार्षिकोत्सवको उपलक्ष्यमा
यो संस्थासँग आबद्ध सबै सङ्घ संस्था एवं शुभेच्छुकहरूमा
हार्दिक मङ्गलमय शुभकामना अर्पण गर्दै
साना किसानको समृद्धि, वित्तीय समावेशिता, कृषिको व्यावसायीकरण र
उद्यमशीलता प्रवर्धनको माध्यमबाट अर्थतन्त्रको रूपान्तरणमा
सधैं समर्पित रहने प्रतिबद्धता व्यक्त गर्दछौं ।

**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**
**परिवार**

**प्रमुख सल्लाहकार**
खेम बहादुर पाठक
**संरक्षक**
डा. शिवराम प्रसाद कोइराला
**सम्पादक**
झलेन्द्र भट्टराई
**अतिथि सम्पादक**
गोकुल चन्द्र अधिकारी
**विशेष सहयोगी**
पूजा पौडेल

**प्रकाशक**
**साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.**
सुविधानगर, तिनकुने, पो.ब. नं. २१९५६, काठमाडौं
फोन नं. ०१-४१११८२८/४१११७५२
फ्याक्स ०१-४४१११९०१
Email: editorial@skbbl.com.np

# सम्पादकीय

## साना किसानका लागि विशिष्ट कानुनको खाँचो

विपन्न तथा साना किसानहरूको आर्थिक र सामाजिक विकासका लागि स्थानीय स्तरमा एकीकृत सेवा पुऱ्याउने सोचका साथ साना किसान विकास कार्यक्रम सुरु गरिएको थियो । यसको भावी स्वरूप र समापन रणनीति के हुने होला भन्ने बारे त्यस समयमा त्यति धेरै कसरत भएको थिएन । कल्पना गरौं, वि.सं. २०३२ सालको विपन्नताले भरिएको नेपालमा गरिबलाई नै केन्द्रबिन्दु मानी वित्तीय सेवाका साथसाथै सामुदायिक विकासका कार्यक्रम घरदैलोमा पुऱ्याउने यो कार्यक्रमले कस्तो लोकप्रियता हासिल गऱ्यो होला !

साना किसान विकास आयोजना कार्यालयले मानिसहरूलाई आयआर्जनका गतिविधिहरू सञ्चालन गर्न तालिम दिन्थ्यो, त्यसैले गाउँलेलाई यो स्कूल जस्तो लाग्थ्यो । यसले गरिबहरूको समूह बनाउँथ्यो, बैठक, भेला र छलफल चालाउँथ्यो; राजनीतिक मानिसलाई यो कुनै पार्टी हो कि जस्तो पनि लाग्थ्यो । कुलो, सडक र सार्वजनिक स्थलहरूको मर्मत सम्भारमा समुदाय परिचालन गर्थ्यो; यो त भौतिक संरचना निर्माण गर्ने सरकारी कार्यालय होला भन्ने ठानिन्थ्यो । रूढीवाद र अज्ञानताका विरुद्ध चेतना फैलाउँथ्यो; महिला अधिकार र समानताको वकालत गर्दथ्यो, धुवाँरहित चुल्हो र शुलभ शौचालय अभियान चलाउँथ्यो; चलाख मानिसहरूले 'एन.जी.ओ. पो आएछ' भनेर कान ठाडो बनाउँथे । साहुले पनि नपत्याएको गरिबलाई घरमा नै गएर कर्जा उपलब्ध गराउने त्यो अभियान त्यस समयमा ठ्याक्कै बैंक जस्तै देखिन्थ्यो । कतिपय अवस्थामा किसानका बिक्री हुन नसकेका उत्पादन खरिद गरेर बजार व्यवस्थापन गरिदिन्थ्यो, मल,बीउ आदि खरिद गरेर गाउँमा नै पुऱ्याई सुलभ मूल्यमा बितरण गर्थ्यो । त्यस्ता गतिविधिका कारण कतिपयले यसलाई व्यापारी संस्था पो रहेछ भन्ने ठाने । झाडापखाला र हैंजाको विरुद्ध चेतना जगाउँथ्यो, सरसफाई र रिहाईड्रेसन विधि सिकाउँथ्यो, सिटामोल र आधारभूत औषधी दिन्थ्यो, अनि मानिसहरूलाई यो त घुम्ती अस्पताल पो रहेछ भन्ने लाग्थ्यो ।

साना किसान विकास आयोजना यसरी स्कूल, पार्टी, सरकारी कार्यालय, एन.जी.ओ., बैंक, व्यापारी संस्था, अस्पताल आदिको विशेषता बोकेर हुर्किंदै गयो । यी सबै तत्वहरू आयोजनाका कृयाकलाप बन्न पुगे । वि.सं. २०५० देखि कृषि विकास बैंकले साना किसान विकास आयोजनाको सम्पूर्ण स्वामित्व तथा व्यवस्थापन तिनै लाभग्राही साना किसानहरूलाई सुम्पने नयाँ र अनौठो अवधारणा ल्यायो । ६ सयभन्दा बढीको संख्यामा रहेका साना किसान विकास आयोजनाहरूलाई स्थानीय रूपमै सञ्चालन हुने गरी स्वतन्त्रता प्रदान गर्न उपयुक्त कानुनी स्वरुप दिनुपर्ने भयो । त्यस समयमा. कम्पनी, सामाजिक संस्था (एन.जी.ओ.), बैंक र. सहकारी संस्था गरी चार किसिमका संस्था दर्ताका विकल्पहरू थिए । तर, आयोजनाले गरिआएका र सकारात्मक परिणाम ल्याएका सेवाहरू स्कुल, पार्टी, सरकारी कार्यालय, एन.जी.ओ., बैंक, व्यापारी संस्था र अस्पताल आदिजस्ता सबै सेवा एउटै ढोकाबाट प्रदान गर्न यी माथिका ४ वटै विकल्पमा सम्भव थिएन । पाकिस्तानमा त्यसबेला यस्ता विशेषता भएका संस्थाहरूलाई सामुदायिक संस्थाको रूपमा दर्ता गरी सबै काम गर्न सक्ने सुविधा सहितको कानुन लागू थियो । नेपालमा पनि साना किसानका लागि त्यस किसिमको छुट्टै कानुनको आवश्यकता महसुस गरिएको थियो, तर त्यो सम्भव भएन । त्यसैले माथिका चारमध्ये कुनै एक विकल्प रोज्नुपर्दा सहकारी संस्थामा त्यस्ता कामको विशेषता केही बढी मिल्ने भएकोले साना किसान विकास आयोजनाको व्यवस्थापनलाई साना किसान कृषि सहकारी संस्थाको रूपमा कानुनी स्वरूप प्रदान गरी हस्तान्तरण गरियो ।

साना किसान विकास आयोजनाहरु सहकारी स्वरुपमा आएपछि यसका बहुआयमिक कार्यहरूमा कहिलेकाहीं द्विविधा उत्पन्न हुने, नियमनका समस्या रहने र अन्यौल समेत उत्पन्न हुनु स्वभाविक हो । गरिबी निवारणमा उल्लेख्य सहयोग पुऱ्याउन नेपालमा जन्मिएको यो मौलिक 'साना किसान मोडेल' को सिर्जनात्मक प्रयोगका सिलसिलामा उत्पन्न भएका ती अप्ठ्याराहरुलाई सहजीकरण गर्न सबैबाट यथासमयमा प्राप्त सहयोगहरुले अझ परिस्कृत बनाउँदै लगेको छ ।

साना किसान सहकारी संस्थाहरूको विस्तार गरी त्यस्ता संस्थाहरूलाई वित्तीय सेवा, क्षमता विकास र प्रबर्धनमा सहयोग गरी स्वसक्षमता प्रदान गर्न यिनै सहकारी संस्थाको बहुमत स्वामित्वमा रहने गरी विकास बैंक ऐन, २०५२ अन्तरगत वि.सं. २०५८ मा 'साना किसान विकास बैंक' को स्थापना गरियो । बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ लागु भएपछि सोको व्यवस्था अनुसार साना किसान विकास बैंक 'लघुवित्त संस्था' मा रूपान्तरण भायो । विशिष्ट किसिमको सेवा प्रदान गर्ने गरी स्थापित 'विकास बैंक' लघुवित्त संस्थाको रूपमा रुपान्तरित हुँदा यसका कतिपय कार्यक्षेत्रहरू सीमित हुन जानु स्वभाविकै हो ।

वि.सं. २०६२ देखि नै 'साना किसान सहकारी केन्द्रीय संघ' स्थापनाको प्रयास भएको थियो । तर, सहकारी केन्द्रीय संघ विषयगतरुपमा प्रष्ट हुनु पर्ने कारणले गर्दा 'साना किसान' हरुको मात्र विशिष्ट स्वरुपको केन्द्रीय संघ बन्न नसक्ने देखियो । तसर्थ वि.सं. २०६४ मा मुलुकभरका साना किसान सहकारीहरु मिलेर "नेपाल कृषि सहकारी केन्द्रीय संघ" स्थापना गरे । यो संघले अब 'साना किसान कृषि सहकारी' को मात्र नभएर नेपालका सबै किसिमका कृषि सहकारी संङ्घ/संस्थाहरुको केन्द्रीय संघको रुपमा स्थापित भई अझ व्यापक स्वरुप लिने अवसर पयो ।

वि.सं. २०७२ पौषमा कम्पनी रजिष्ट्रारको कार्यालयले 'अब कुनै पनि कम्पनीमा सहकारी संस्थाले संस्थापक शेयर लगानी गर्न नपाउने र गरेको रहेछ भने निश्चित अवधिभित्र फिर्ता गर्नु पर्ने' गरी निर्देशन जारी गरेपश्चात उत्पन्न समस्या सामाधानका लागि विभिन्न छलफल र प्रयासहरु भई रहेकाछन् । निकट भविष्यमा नै यी सबै गाह्रा अप्ठ्याराहरुले निकास पाउने नै छन् ।

साना किसान विकास अभियानमा ८ लाख भन्दा बढी सदस्य परिवार (झण्डै ४० लाख जनसङ्ख्या) जोडिएका छन् । कुल जनसङ्ख्याको १४ प्रतिशत मानिसहरू, त्यसमा पनि विपन्न, गरिब र साना किसानहरू संलग्न रहेको यो अभियानलाई अब राज्यले समेत विशेष प्राथमिकताका साथ हेर्ने गरेको छ । यसका असल अभ्यासलाई विस्तार गर्न नेपाल सरकार तथा विभिन्न निकायहरुबाट निरन्तर सहयोग प्राप्त भई आएको छ । विपन्न तथा साना किसानहरूको आर्थिक तथा सामाजिक विकासमा यति ठूलो जनसङ्ख्या परिचालन गरी परिणाममुखी प्रभाव छोड्न सफल यस कार्यक्रमलाई अझ प्रभावकारी गतिमा अघि बढ्ने अवसर प्रदान गर्न छुट्टै विशिष्टीकृत सङ्घीय कानुनको आवश्यकता देखिएको छ । यस तर्फ सरोकारवाला निकायको ध्यान जाने नै छ भन्ने विश्वास रहेको छ ।

अस्तु ।

# साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रमको प्रभावकारिता



✍ मनिष महतो

## विषय प्रवेश

नेपाल एउटा कृषि प्रधान देश हो । यहाँका ६५.६ प्रतिशत जनता कृषिमा आश्रित छन् (**Krishi Diary, 2076** ) । कुल गार्हस्थ उत्पादनको २६.९८ प्रतिशत अंश कृषिले ओगटेको छ (**Central Bureau of Statistics, National Accounts of Nepal, 2018/2019**) । देशका अधिकांश जनता कृषिमा आश्रित हुँदाहुँदै अनि कुल गार्हस्थ उत्पादनमा पनि कृषि क्षेत्रको अंश उच्च रहे पनि नेपालमा अहिलेसम्म कृषि क्षेत्र व्यावसायिक रूपमा अगाडि बढ्न सकेको छैन । हाम्रो कृषि क्षेत्र आजसम्म पनि निर्वाहमुखी मात्र हुनेगरेको छ ।

कृषिलाई सुधार गर्न र यसको विकास गर्नको निमित्त कृषिमा आधुनिक प्रविधिको प्रयोगलाई व्यापक तुल्याउँदै यसलाई व्यावसायिक रूपमा अघि बढाउनु जरूरी देखिन्छ । यसका लागि देशमा कृषिवित्तको ठूलो खाँचो रहेको छ । सोही खाँचो पूरा गर्न ग्रामीण क्षेत्रमा रहेका सहकारी संस्थाहरूको योगदान महत्वपूर्ण हुने देखिन्छ ।

यही पृष्ठभूमिमा सहकारी संस्थाको माध्यमबाट ग्रामीण क्षेत्रमा कृषि कर्जालाई विस्तार गर्न साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को स्थापना वि.स. २०५८ साल असार २२ गते भएको थियो । साना किसान विकास बैंकको नाममा स्थापित यो संस्थाले स्थापनाकालदेखि हालसम्म ७२ जिल्लामा आफ्नो सेवा विस्तार गरिसकेको छ । ती जिल्लामा रहेका ८०० भन्दा ज्यादा साना किसान कृषि सहकारी संस्था र समान प्रकृतिका अन्य सहकारी संस्थाहरूमार्फत यस वित्तीय संस्थाले थोककर्जा लगायतका सेवा प्रदान गरिरहेको छ । ती संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने कार्यमा समेत यस वित्तीय संस्थाले उच्च प्राथमिकता दिनेगरेको छ । यस वित्तीय संस्थाले हालसम्म रू.२० अर्ब ९० करोड रूपैयाँ त्यस्ता सहकारी संस्थाहरूमार्फत साना किसानलाई प्रवाह गरिसकेको छ ।

यसप्रकार नेपालको कृषि र पशुपालनमा साना किसान विकास लघुवित्त वित्तीय संस्थालगायत अन्य विभिन्न निकायबाट प्रशस्तै लगानी भए तापनि नेपालले कृषि र पशुपालनमा खासै फड्को मार्न सकिरहेको छैन । यसको प्रमुख कारण भनेको कृषिलाई व्यावसायिकरूपमा अघि बढाउन नसकिएर पनि हो । यस क्षेत्रलाई व्यावसायिकरूपमा अघि बढाउन धेरैभन्दा धेरै युवालाई आकर्षित तुल्याउनुपर्छ भन्ने सोचले यस यस वित्तीय संस्थाले सन् २०१३ देखि सामाजिक उत्तरदायित्व कार्यकमको नाममा एउटा छुट्टै अभियान सञ्चालन गरेको छ । यही कार्यक्रम अन्तरगत साना किसानको समूहमा पर्ने युवा समुदायलाई लक्षित गर्दै साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम (**Learn & Earn**) को पनि अभ्यास आरम्भ गरिसकिएको छ । यो लेखलाई सोही कृषि प्रशिक्षार्थी कार्यकमका विविध पक्षमा केन्द्रित गर्ने प्रयत्न गरिएको छ ।

साना किसान प्रशिक्षार्थी कार्यकम अन्तर्गत यस वित्तीय संस्थाले नेपालस्थित इजरायली राजदूतावाससँगको सहकार्यमा इजरायलमा रहेका ५ वटा कलेज/तालिम केन्द्रसँग सम्बन्ध कायम गरेको छ । यो कार्यकम नेपाल सरकार अर्थ मन्त्रालयसमेतको सहयोगमा सञ्चालन भइआएको छ । यो कार्यकम अन्तर्गत छनौट भई इजरायल पुगेका साना किसानहरू १० देखि ११ महिनासम्म इजरायलमा सञ्चालन हुने प्रशिक्षण कार्यमा सहभागी हुनेगरेका छन् । प्रशिक्षणका कममा साताको १ दिन सैद्धान्तिक कक्षा र ५ दिन अनुसन्धानमुखी प्रयोगात्मक कार्य सञ्चालन हुनेगरेको छ । हालसम्म यस कार्यक्रम अन्तरगत २ हजार ६ सय ७७ जना विपन्न तथा साना किसान परिवारका छोराछोरीले तालिम लिइसकेका छन् भने ४८४ जना तालिम लिइरहेको अवस्थामा रहेका छन् । तालिम सम्पन्न गरी फर्केका युवाहरूमध्ये ४० प्रतिशतले साना ठूला विभिन्नस्तरका कृषि व्यवसाय गरिरहेका छन् । उनीहरू आफूले गर्नेगरेका कृषि व्यवसायमा आधुनिक प्रविधिको प्रयोग प्रशस्त मात्रामा गर्नेगर्छन् ।

## कृषि प्रशिक्षार्थी कार्यक्रमको औचित्य

देशको ठूलो युवा समुदाय बेरोजगारको अवस्थामा रहेको कुरा प्राप्त तथ्याङ्कहरूले देखाएका छन् । रोजगारको लागि खाडी मुलुकलगायतका क्षेत्रमा जानुपर्ने बाध्यता नेपाली युवाहरूमा रहेको छ । यही अवस्थालाई मध्यनजर गर्दै देशको युवा जनशक्तिमा रहेको अपार ऊर्जालाई देशमै सदुपयोग गर्न र उनीहरूलाई कृषिमा आकर्षित गर्न साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रम सञ्चालन गरिएको हो । नेपाली युवाहरूले इजरायलमा पुगेर कृषि सम्बन्धी सीप सिकेर आउनु निम्न कारणले पनि महत्वपूर्ण छ ।

- इजरायल कृषिको लागि विश्वप्रसिद्ध देश हो । आधाभन्दा बढि भूभाग मरूभूमि भए तापनि उच्चस्तरीय प्रविधिले गर्दा विश्वमा इजरायल कृषि उत्पादनका दृष्टिले चर्चित देशको रूपमा चिनिन्छ । त्यही प्रविधिको ज्ञान र जानकारी नेपाली युवाहरूले पनि झन्डै एक वर्षको

### साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रमको हालसम्मको प्रगति

| क्र.सं. | सत्र/वर्ष | कार्यक्रम जिल्ला संख्या | सहभागी सहकारी संस्था संख्या | सहभागी प्रशिक्षार्थी संख्या | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | छात्र | छात्रा | जम्मा | |
| १ | सन् २०१३-१४ | ८ | ६३ | १७९ | २६ | २०५ | तालिम पुरा गरी फर्किसकेका । |
| २ | सन् २०१४-१५ | २१ | १५९ | ४५६ | ६२ | ५१८ | |
| ३ | सन् २०१५-१६ | ३३ | १६५ | ३५३ | ७८ | ४३१ | |
| ४ | सन् २०१६-१७ | ६० | ३०८ | ३६१ | ८३ | ४४४ | |
| ५ | सन् २०१७-१८ | ६६ | ४३१ | ४३८ | १०४ | ५४२ | |
| ६ | सन् २०१८-१९ | ५५ | ४०८ | ४३३ | १०४ | ५३७ | |
| ७ | सन् २०१९-२० | ५८ | ४०० | ४०० | ८४ | ४८४ | इजरायलमा अध्ययनरत |
| | कुल जम्मा | | | २६२० | ५४१ | ३१६१ | |

...बाँकी अंश पृष्ठ नं १६ मा

# सहकारी ऐन २०७४ सम्बन्धी केही कानूनी प्रावधान



✍ पूजा पौडेल

कानुन भनेको आधिकारिक नीति थिति, नजिर,ऐन,नियम,सम्भौता तथा स्थापित आचरणहरूको सङ्ग्रह हो भने कुनै खास उद्देश्य बोकी लक्षित वर्ग, समूह र समुदायमा बसोबास गर्ने व्यक्तिहरूको आर्थिक र सामाजिक विकासका लागि स्थापित भएका संस्थाहरू सहकारी संस्था हुन् ।

नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रमूलक मुलुक हो, जसमा सार्वभौम र राजकीय सत्ता जनतामा निहित छ । देशले दिगो शान्ति,सुरक्षा, सुशासन,सहभागितामूलक, विकास र समृद्धिको यात्रा आरम्भ गरेलगत्तै सहकारी क्षेत्रले पनि फड्को मारेको छ । संविधानसभाबाट पारित गरिएको संविधानले सहकारी क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्रको तीन खम्बामध्ये एकको रूपमा मान्यता दिएको छ ।

नेपालको संविधान २०७२ को धारा ५१(घ) को (१) र (३) मा उल्लेख भएबमोजिम राज्यका नीतिहरू अन्तरगत अर्थ, उद्योग र वाणिज्यसम्बन्धी नीतिमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्र सुदृढ गर्ने र सहकारी क्षेत्रलाई प्रवर्धन गर्दै राष्ट्रिय विकासमा अत्यधिक परिचालन गर्ने भन्ने व्यवस्था रहेको पाइन्छ ।

नयाँ आएको सहकारी ऐन र नियमनले स्थानीय र प्रादेशिक सरकारलाई कानुन बनाउने र आवश्यक पर्ने कार्य गर्न अधिकार दिएको छ । कुल २० परिच्छेद र १५३ दफा भएको सहकारी ऐन, २०७४ मिति २०७४/७/१ गते देखि लागू भई २०७५/११/१९ गते पहिलो संशोधन भइसकेको छ । उक्त सहकारी ऐन, २०७४ ले सहकारीको कार्यक्षेत्रमा देखिएका विकृतिलाई हटाउन र आन्तरिक सुशासनको प्रवर्द्धनका लागि थुप्रै नयाँ व्यवस्थाहरू कायम गरेको छ ।

विगतमा सहकारी खोल्न कम्तीमा २५ जना सदस्य हुनुपर्ने प्रावधानलाई हटाई कम्तीमा १५ देखि बढीमा १०० जनासम्म सदस्य मिलेर सहकारी खोल्न सकिने व्यवस्थालाई जोड दिँदै दुई वा दुईभन्दा बढी सहकारी मिलेर संयुक्त व्यवसाय गर्नसक्ने प्रावधानलाई लचिलो बनाएको छ । मुलुकले सङ्घीय लोकतान्त्रिक प्रणाली अपनाएलगत्तै यस ऐनले प्रदेशस्तरमा समेत सहकारी सङ्घको निमार्ण गर्न जोड दिएको छ । विगतमा नयाँ सहकारीको दर्ता सहकारी विभाग र ३८ वटा डिभिजन सहकारी कार्यालयबाट मात्र हुने व्यवस्था रहेकोमा अहिले कार्यक्षेत्रको आधारमा केन्द्र सरकार, प्रदेश सरकार र ७५३ वटा स्थानीय तहबाट सहकारी दर्ता गर्न मिल्ने व्यवस्था रहेको छ । यसैगरी संस्थाहरूले व्यपार,व्यवसाय, उद्योगजस्ता कारोबारहरू सञ्चालन गरी आफैँले यसको ब्राण्डिङ्ग गर्न सक्ने र आफैँले उत्पादित गरेको वस्तुहरूको प्रमाणपत्र जारी गर्न सक्ने व्यवस्थालाई लचिलो बनाएको छ । सहकारी संस्थामा सदस्यको बचत सीमा कतिसम्म हुने र संस्थाको शेयर पुँजी कति हुने भन्ने विषयमा विनियमले खुलाएको छ भने संस्थाले स्वदेशी तथा विदेशी बैंक वा अन्य निकायबाट ऋण वा अनुदान लिनुपरेमा नेपाल सरकारलाई जमानत राखी सो रकम उपयोग गरी साझेदारीमा समेत काम गर्न सक्नेछ र संस्थाले ऋण लगानी गर्दा वा जमानतबापत राखेको जग्गा दृष्टिबन्धक पास गर्दा निशुल्क हुने व्यवस्था समेत गरिएको छ । त्यस्तै गरी संस्थाले आर्जेको मुनाफाबाट पहिलो जगेडा कोष, संरक्षितपूँजी कोष र सहकारी प्रवर्द्धन कोषमा रकम छुट्याई बाँकी रहेको आयमा मात्र कर लाग्ने व्यवस्था मिलाएको छ । सहकारी क्षेत्रको प्रवर्द्धनका लागि न्यून वा कर छुट हुने गरी ग्रामीण भेगका वित्तीय कारोबार गर्ने सहकारी संस्थाहरूलाई कर नलाग्ने व्यवस्था कायम गरेको छ । सहकारी संस्थाले उद्योग व्यवसाय चलाउनका लागि आयत गर्न सक्ने उपकरण र ढुवानीमा नेपाल सरकारको निर्णयबमोजिम भन्सार शुल्क तथा मूल्य अभिवृद्धि करमा मिनहा दिनसक्ने व्यवस्थासमेत गरेको छ । सहकारीका सदस्यहरूले बिमा समितिको स्वीकृति लिई तरकारी तथा पशुपालनको बिमा गरी आफ्नो कृषि पेशाको सुरक्षण गर्न सक्नेछन् ।

सहकारी संस्थाहरूमा देखिएका विकृति र विसङ्गतिलाई हटाउन कालोसूची,कर्जा सूचना केन्द्र र कर्जा असुली न्यायाधिकरणको व्यवस्था गरी पहिलेको ऐनमा भएको व्यवस्थाभन्दा कठोर दण्ड सजायको व्यवस्था कायम गरेको छ । सहकारी ऐन २०७४ को परिच्छेद १९ को दफा (१२२) र (१२४) मा भएको कनूनी व्यवस्था बमोजिम कसूर कुन कार्यलाई मान्ने र उक्त कसूरको सजाय तथा जरिबाना कतिसम्म हुन सक्ने भन्ने विषयलाई निम्न अनुसार व्याख्या गरिएको छ ।

**कसैले दफा(१२२) को कसूर गरेमा देहायबमोजिमको सजाय दफा (१२४) अनुसार हुनेछ :**

१. कसुर ठहर

- दर्ता नगरी वा खारेज भएको सहकारी संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनीले आफ्नो नाममा सहकारी शब्द वा सो शब्दको अङग्रेजी रूपान्तरण राखी कुनै कारोबार, व्यवसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,
- तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,
- सहकारी संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,
- कुनै सहकारी संस्था वा सोको सदस्य वा बचतकर्ता वा तीमध्ये कसैलाई हानिनोक्सानी पुग्ने गरी लेखापरीक्षण गरे गराएमा वा लेखापरीक्षण गरेको झुट्ठा प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा ।

(सजाय : एक बर्षसम्म कैद र एकलाख रूपैयाँसम्म जरिबाना)

२. कसुर ठहर

- कुनै व्यक्ति वा सहकारी संस्थालाई एक पटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुनेगरी सोही सुरक्षण अन्य संस्थामा राखी पुन ऋण लिए वा दिएमा ।

(सजाय : दुई वर्षसम्म कैद र दुई लाख रूपैयाँसम्म जरिबाना)

३. कसुर ठहर

- सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिमबाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा, (सजाय :सो कसुरमा बिगो बराबरको रकम जरिबाना गरी तीन वर्षसम्म कैद)

४. कसुर ठहर

- समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले सहकारी संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,
- ऋण असुल हुन नसक्नेगरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,
- समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलेमतोमा सहकारी संस्थाको शेयर वा बचत रकम आफूखुसी परिचालन गरी सहकारी संस्थालाई हानिनोक्सानी पुऱ्याएमा,
- झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,
- सहकारी संस्थाले यस ऐन र यस ऐन अन्तर्गत बनेका नियम विनियम विपरीत लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,
- कृत्रिम व्यवसाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,
- धितोको अस्वाभाविक रूपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

...बाँकी अंश पृष्ठ नं १४ मा

# कम पानीमा धेरै उत्पादन



✍ सुमन गिरी

सामान्यतया, पानीको अभाव भन्नाले एक क्षेत्र भित्र पानीको आवश्यकता पुरा गर्न आवश्यक स्रोतहरूको अभाव हुनुलाई बुझ्न सकिन्छ । विभिन्न अध्ययनहरूअनुसार, साँचो अर्थमा पानीको अभाव छ, वा पानी उपलब्ध छ तर यसलाई अझ राम्रोसँग प्रयोग गरिएको छैन भन्ने कुरा भन्न गाह्रो छ । यद्यपि विश्वभर करिब २ अर्ब मानिस प्रत्येक वर्षमा कम्तीमा एक महिना पानीको अभावले प्रभावित छन् भन्ने तथ्याङ्कलाई बेवास्ता गर्न सकिदैन । ध्ज्ह का अनुसार १.२ अर्बभन्दा बढी मानिसहरूमा घरेलु उपयोगका लागि स्वच्छ पिउने पानीको पहुँच छैन । अनुसन्धानले लगभग एशिया र अफ्रिकाका सबै देशहरूले हाल पानीको अभावको सामना गरिरहेका छन् भन्ने देखाएको छ । पानीको अभाव विश्वव्यापी समस्या हो र आँउदो समयमा जलवायु परिवर्तन र जनसंख्या वृद्धि दुबैका कारण पानीको स्रोतमा बढी दबाब हुने अध्यनहरूले देखाएका छन् ।

कृषि, पूर्णरूपमा माटो, वातावरण र जलवायुमा निर्भर हुन्छ । नेपाल कृषि प्रधान देश, अझ त्यसमा पनि धानले प्रमुख बालीको स्थान ओगट्छ । औसतमा, नेपालीहरूले एक वर्षमा १२० किलो ग्राम चामल उपभोग गर्छन् भने कुल अन्न उत्पादनको ५३ प्रतिशत धानको मात्र योगदान रहेको छ । कुल गार्हस्थ उत्पादनमा धानको करिब २० प्रतिशत योगदान रहेको छ । विश्वको करिब ७५ प्रतिशत धान उत्पादन पानी तलाएर गरिन्छ भने नेपालमा पनि अधिकतर धान खेती पानी तलाएर गरिन्छ । बालीहरूमध्ये सबैभन्दा बढी पानी धानलाई चाहिन्छ । जलवायु परिवर्तनले गर्दा पानीको अभाव विश्वभरी नै महसुश भईरहेको छ । उक्त अभाव आउँदो समयमा झनै बढ्ने अध्ययन, अनुसन्धानले देखाएका छन् । विश्वमा भईरहेको जलवायु परिवर्तनलाई हेर्ने हो भने धान उत्पादनको लागि पनि विकल्पहरू खोज्नु अपरिहार्य देखिन्छ । अर्को कुरा कृषिमा पानीको अधिकतम प्रयोगले अन्य उत्पादनमूलक क्षेत्रहरू, जस्तै औद्योगिक क्षेत्रहरूले पानीको अभाव भोग्नुपर्ने हुन्छ जसले आर्थिक नोक्सानी बेहोर्नुपर्ने हुनसक्छ । सँगसँगै कृषिमा प्रयोग हुने पानीले औद्योगिक क्षेत्रमा प्रयोग हुने पानीको तुलनामा कम मूल्य दिन्छ । तसर्थ, पानीको प्रयोग कृषिमा कमभन्दा कम हुनु जरूरी छ । अझ भन्ने हो भने कतिपय कृषि पद्धतिमा आवश्यकता भन्दा बढी पानी प्रयोग भएको हुन्छ । उदाहरणको लागि सामान्यतया धान खेती गर्दा किसानहरूले खेतलाई रोप्नुभन्दा अगाडिदेखि लिएर धान नकाट्दासम्म तलाएर राख्ने गर्छन् । यो तरिकाले धान खेती गर्दा विभिन्न माध्यम जस्तै वाफ भएर, जमिनमुनि बगेर पानी खेर जान्छ । वास्तवमा यो तरिकामा किसानहरूले विरुवालाई चाहिनेभन्दा धेरै गुणा बढी पानी प्रयोग गर्छन् ।

यसै सन्दर्भमा, अहिले विभिन्न तरिकाहरू प्रयोगमा आएका छन् , जसबाट पानीको प्रयोग कम गरेर पनि खेती गर्न सकिन्छ । विभिन्न अध्ययन, अनुसन्धानले अहिले प्रयोग गरिने पानीभन्दा धेरै कम पानीमा धान खेती गर्न सकिने र उत्पादन बढ्ने वा उत्पादन नबढे पनि नघट्ने जसले गर्दा धान खेती पहिलेभन्दा बढी नाफामूलक हुने देखाएका छन् । धान खेती गर्दा प्रयोग भएको पानी ५० प्रतिशत बगेर, वाफ भएर ,जमिनमुनि गएर खेर जानेगरेको वैज्ञानिक अध्ययनहरूले देखाएका छन् । सामान्यतया धान खेती गर्दा औसत १ के.जी धान उत्पादनको लागि मौसम, माटो, लगाउने तरिका अनुसार ८०० देखि ५००० लि. सम्म पानी लाग्न सक्ने तथ्य पाइएको छ । सिँचाइको श्रोत भएको ठाँउमा वर्षा नँहुदा खासै धानलाई असर पुर्‍दैन तर जहाँ सिँचाईको व्यवस्था राम्रो छैन त्यहाँ वर्षा नँहुदा धान खेतीलाई ठूलो असर पर्छ ।

हिजो आज विशेषगरी गर्मी महिनामा पानी नपर्ने समस्या, समयमा वर्षा सुरु नहुने, वर्षा सुरु भएपछि बाढी पहिरोको प्रकोपजस्ता समस्या बढ्दै गएको पाईएको छ । सुख्खापनले धान खेतीलाई अझ बढी असर गर्छ किनकी धानलाई अरु अन्नबालीभन्दा बढी पानी चाहिन्छ । पानीको कमीले धानमा बिउ नउम्रिने र धानको बोट सानो र थोरै पातहरू हुने, बाला कम लाग्नेदेखि लिएर बिरुवाभित्र हुने प्रकियाहरूमा परिवर्तन हुने र अन्त्यमा कम उत्पादन हुन्छ ।

हामी सबैलाई थाहा छ कि विश्वमा उब्जाउ हुने अधिकांश धान लो ल्यान्ड राइस ९यिधबलम चष्अभ० हो । लो ल्यान्ड राइस खेतीमा सामान्यतया पानी तलाएर धान उब्जाइन्छ । धानका खेतहरू जोताइन्छ र ठूलो मात्रामा पानी सिँचाइ वा वर्षाको माध्यमबाट खेतमा पठाइन्छ अनि बिरुवा रोपाई गरिन्छ । फसल काट्नको लागि खेतमा एक वा दुई हप्ता अघि पानी सुकाइन्छ । यस्तो धान खेतीले ठूलो परिमाणमा पानीको खपत गर्छ । तर यो पत्ता लागेको छ कि जहिले पनि जग्गामा पानीको बाढी लगाउनु आवश्यक छैन । किनभने पानीको ठूलो मात्रा वाफबाट र जमिन मुनि जान्छ जुन बिरुवाले प्रयोग गर्न पाँउदैन । अनुसन्धानहरूले के देखाएका छन् भने लगातार बाढीको सट्टा सिँचाईका विधिहरू प्रयोग गर्न सकिन्छ, जसले पानीको मात्रा घटाउने मात्र होइन उत्पादनलाई पनि राम्रो बनाउँछ वा सुधार गर्दछ । थोरै पानीमा धान खेती गर्ने केही विधिहरू नेपालको लागि पनि उपयुक्त हुन सक्छन् ।

## यस आर आई (SRI)

एसआरआई एउटा विधि हो जसमा बोट, माटो, पानी र पौष्टिक तत्वहरूको प्रयोगमा परिवर्तन गरेर प्रशस्त मात्रामा पानीको बचत हुन्छ र सँगसँगै धानको उत्पादकत्व पनि बढ्छ ।आईआरआरआई९क्ष्च्चक्ष०का अनुसार ५० भन्दा बढी देशहरूमा एसआरआई प्रदर्शन भइसकेको छ जसमा २० देखि १०० प्रतिशत वा बढी उत्पादन वृद्धि भएको, करिब ९० प्रतिशत कम बिउको आवश्यक, र ५० प्रतिशतसम्म पानी बचत भएको देखाएको छ । एसआरआईले चार आधारभूत सिद्धान्तहरू समावेश गर्दछ :कलिलो बिरुवा रोप्ने, बोट घनत्व कम गर्ने, जैविक पदार्थको प्रयोगबाट माटोको अवस्था सुधार र कम र नियन्त्रित पानीको प्रयोग । एसआरआईमा लगातार पानी नतलाउने भएकाले पानीको मात्रा घटाउन मद्दत गर्दछ भने कलिलो बिरुवामा घनत्व कम गरेर फराकिलो दुरीमा रोपाई गरिन्छ । लगातार पानी तलाएर गर्ने धान खेतीको तुलनामा एसआरआई विधिमा धेरै धान उत्पादन हुनुको साथसाथै माटोको संरक्षण र पानीको धेरै बचत हुन्छ । एसआरआईका सम्पूर्ण विधिहरू कार्यान्वयन गर्नुपर्छ भन्ने पनि छैन । यदि केही कारणहरूले किसानले सिफारिस गरिएका अभ्यासहरूको पूर्ण सेट लागू गर्न सक्दैनन् भने उनीहरूले आफुसँग भएको संशाधनको , पानीको उपलब्धता, एसआरआईको अनुभव, जोखिम लिन सक्ने क्षमता अनुसार सम्भावित अभ्यासहरू प्रयोग गरेर एसआरआई लागू गर्न सक्दछन् ।

## मल्चिङ (Mulching) विधि

पानी कम प्रयोग हुने सिँचाई प्रणालीहरूको परीक्षण धेरै गरिएको छ । प्लास्टिकको फिल्म मलचिंगलाई चीनको धेरै क्षेत्रमा नयाँ प्रविधिको रूपमा विकसित गरिएको छ । यो तरिका परम्परागत बाढी विधिभन्दा धेरै फरक छ । यो विधि पानी नतलाएर खेती गर्ने ठाउँमा उचित हुन्छ । प्लाष्टिकबाहेक पराल र कागजजस्ता अन्य मलचिंग सामग्रीहरू पनि प्रयोग गर्न सकिने अध्ययनहरूले देखाएका छन् । धानका पङ्तिका बिचको खाली ठाउँ मलचिंग सामग्रीले ढाकिने हुँदा झारलाई दबाउन र किरालाई नियन्त्रण गर्न सजिलो हुन्छ । यो विधिले उच्च अन्न उत्पादन

...बाँकी अंश पृष्ठ नं १४ मा

# सहकारीमा नयाँ अनुसरण अभ्यास : साना किसानको आफ्नै चिया कारखाना



✍ सुभाष गौतम

## विषय प्रवेश

नेपालमा सहकारीको संस्थागत विकास र अभियानमा भए गरेका कार्यहरूको सतही रूपमा मात्र लेखाजोखा गरिएको पाइन्छ । यो क्षेत्रबाट अर्थतन्त्रलाई पुगेको टेवा र रोजगारी श्रृजनाका बारेमा गहन विश्लेषणको अभाव छ । एकातिर बैंक तथा वित्तीय संस्थाको विशेष निगरानी, विस्तारकारी अभ्यास अनि त्यस्ता संस्थाहरूमा भएको पहुँचलाई जनताको वित्तीय पहुँचको आधार मानिएको छ भने अर्कोतर्फ सहकारी संस्थाहरूमार्फत जनताको व्यवसाय उन्मुख वित्तीय पहुँच र वित्तीय सचेतना कार्यलाई समावेश गरिएको छैन । लघुवित्त र ग्रामीण सामाजिक विकासका कार्यक्रम साथै सहकारी विकासको अभियानमा साना किसान विकास अभियान र साना किसान सहकारी संस्थाहरूको योगदान अविस्मरणीय छ । अझ ग्रामीण गरिबहरूको बसोबास रहेको स्थानमा पुऱ्याएको वित्तीय पहुँच र कृषि उत्पादनमा सदस्यहरूलाई दिएको हौसला र कृषि मुल्य शृङ्खला अभ्यास नेपालमै अनुकरणीय अभ्यासका रूपमा रहेका छन । नेपालको पूर्वी क्षेत्रमा मात्रै हेर्ने हो भने साना किसान कृषि सहकारी संस्था पृथ्वीनगरले सदस्यहरूको सहभागितामा स्थापना गरेको सि.टि.सी. चिया कारखाना, साना किसान सहकारी संस्था समाल्बुङ तथा श्रीअन्तुले सञ्चालन गरेको अर्थोडक्स चिया कारखाना, महारानीझोडा साना किसान कृषि सहकारी संस्था, गौरादहको सहकारी खेती, बिऊ प्रशोधन मिल आदि साथै विभिन्न साना किसान कृषि सहकारी संस्थाले सञ्चालन गरेका दुग्ध प्रशोधन तथा सङ्कलन केन्द्र, आधुनिक कृषि औजार सेवा यसका ज्वलन्त उदाहरण हुन् ।

## अनुसरण कार्यक्रम

साना किसान विकास लघुवित्त वित्तीय संस्थाले ग्रामीण साना किसानहरूको वित्तीय पहुँचका साथै आर्थिक सामाजिक विकास गर्ने अभिप्रायले साना किसान अनुसरण कार्यक्रम सञ्चालन गर्दैआएको छ । यस अन्तर्गत लामो अनुभव हासिल गरेका संस्थाहरूले नयाँ स्थानमा साना किसानहरूको संलग्नतामा थप साना किसान कृषि सहकारी संस्थाहरू स्थापना गर्ने काम गर्दछन् । यसबाट नयाँ संस्थाको स्थापनाका साथै सञ्चालनमा रहेको संस्थाले अर्को संस्थाले गरेको राम्रा अभ्यास र कार्यक्रमहरूको अनुसरण गर्ने काम सुरु भएको छ । यो लेख साना किसान सहकारी संस्थाहरू समाल्बुङ र श्रीअन्तुमा अनुसारण कार्यक्रमअन्तर्गत स्थापना भएका चिया कारखानासँग सम्बन्धित छ ।

## इलामको समाल्बुङ तथा श्रीअन्तुमा चिया कारखाना अनुसरण

साना किसान कृषि सहकारीहरूले गरेका विविध अनुकरणीय कार्यहरूमध्ये साना किसान कृषि सहकारी संस्था पृथ्वीनगर, झापाको साना किसान चिया कारखाना पनि एक हो । नेपाल सरकारको अनुदान सहयोग साथै साना किसान कृषि सहकारी संस्था लि. पृथ्वीनगर, झापा र साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को संयुक्त लगानी र धेरै प्रयासमा झापाको पृथ्वीनगरमा एक सिटिसि चिया उद्योग स्थापना गरी सफलतापूर्वक सञ्चालन हुँदै आएको छ । यही अभ्यासलाई विस्तार गर्ने अभिप्रायले अर्थोडक्स चिया उत्पादनका लागि उपयुक्त स्थान

### साना किसान कृषि सहकारी संस्था पृथ्वीनगर, झापा

| | |
|---|---|
| परियोजना | : साना किसान चिया प्रशोधन कारखाना |
| प्रत्यक्ष संलग्न चिया किसान | : १६५ जना |
| संस्थाको जम्मा सदस्य | : २२०३ |
| परियोजना लागत | : ७ करोड ४० लाख |
| उत्पादन शुरु मिति | : २०७१ बैसाख ११ |
| उत्पादन क्षमता | : करिव ६ लाख केजी बार्षिक (प्रतिदिन औषत १५ घण्टा २०० दिनको) |
| कर्मचारी | : स्थायी : ६ जना<br>ज्यालादारी : १२ जना र सिजनल कामदार : १२ जना |

| आ.व.२०७५/७६ मा | |
|---|---|
| हरियो पत्ती खरिद | : १९,००१८३ केजी |
| तयारी चिया उत्पादन | : ४,३६,३९० |
| तयारी चिया बिक्री | : ६,७९,९४५ (अघिल्लो बर्षको स्टक सहित) |
| हरियो पत्ती खरिद मुल्य | : औषत रू. १९ (अधिकतम रु २६ र न्युनतम रु १४) |
| तयारी चिया बिक्री मूल्य | : थोक मुल्य रू. १६०-१८०<br>खुद्रा मुल्य रू. १८०-२०० |

### साना किसान सहकारी संस्था समाल्बुङ, इलाम

| | |
|---|---|
| परियोजना | साना किसान अर्किड चिया प्रशोधन कारखाना (अर्थोडक्स ग्रीन टि) |
| प्रत्यक्ष संलग्न चिया किसान | : १० जना |
| संस्थाको जम्मा सदस्य | : ८२५ (८७% महिला) |
| परियोजना लागत | : करिव १ करोड ५० लाख |
| उत्पादन शुरु मिति | : २०७६ असोज १ |
| उत्पादन क्षमता | : प्रशोधन तथा ६८००० केजी तयारी अर्थोडक्स ब्ल्याक टि उत्पादन |
| कर्मचारी (अनुमानित) | : स्थायी : ३ जना<br>ज्यालादारी : ७ जना |

| | |
|---|---|
| हरियो पत्ती मुल्य | : औसत रु ५०<br>(अधिकतम रु ९० र न्युनतम रु ४०) |
| बिक्री मुल्य | : औषत रु १००० (ग्रीन टि) |

## साना किसान सहकारी संस्था श्रीअन्तु, इलाम

| | |
|---|---|
| परियोजना | : साना किसान सूर्योदय चिया प्रशोधन कारखाना (अर्थोडक्स ब्ल्याक टि) |
| प्रत्यक्ष संलग्न चिया किसान | : १५ जना |
| संस्थाको जम्मा सदस्य | : ७८० (९६.५९% महिला) |
| परियोजना लागत | : करिब १ करोड ६० लाख |
| उत्पादन शुरु मिति | : २०७६ चैत्र |
| उत्पादन क्षमता | : बार्षिक करिव ३५० हजार केजी हरियो पत्ती प्रशोधन तथा ५००० केजी तयारी अर्थोडक्स ब्ल्याक टि उत्पादन |
| कर्मचारी (अनुमानित) | : स्थायी : ३ जना |

| | |
|---|---|
| हरियो पत्ती मुल्य | : औसत रु ५० (अधिकतम रु ९० र न्युनतम रु ४०) |
| बिक्री मुल्य | : औषत रु ५०० (ब्ल्याक टि) |

इलाम जिल्लाको साविक समाल्बुङ र श्रीअन्तुमा गरी दुईवटा साना किसान अर्थोडक्स चिया कारखाना स्थापना गरिएका छन् । साना किसानलाई कृषि मूल्य शृङ्खला अन्तर्गत आफूद्वारा उत्पादित कृषिजन्य कच्चा पदार्थको आफैं प्रशोधन गर्ने र बढी लाभ लिने उद्देश्यअनुरूप साना चिया कारखानाको स्थापना तथा सञ्चालन गरिएको छ । स्थानीय सरकार (सूर्योदय नगरपालिका) को समेत सहकार्यमा सुरु गरिएको उक्त चिया कारखानामा साना किसान सहकारी समाल्बुङले उत्पादन परीक्षण कार्य सम्पन्न गरेको छ । किसान सदस्यहरूकै सहभागितामा स्थापना गरिने उद्योग व्यवसायले किसानलाई बढी लाभ प्राप्त हुने र व्यवसाय दिगो हुने उद्देश्यले सूर्योदय नगरपालिकाभित्र थप चारवटा चिया कारखाना स्थापना गर्ने लक्ष्य रहेको छ ।

कार्यक्रम/परियोजना सञ्चालन गर्ने सन्दर्भमा आवश्यक पुँजी व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंकबाट ईलाम जिल्लाका तत्कालीन श्रीअन्तु र समाल्वुङ्ग गा.वि.स. अन्तर्गत साना किसानहरूको स्वामित्वमा चिया प्रशोधनशाला स्थापना गर्न प्रति चिया प्रशोधनशाला रू. १ करोडमा नबढ्ने गरी कर्जा प्रदान गर्न साना किसान विकास लघुवित्त वित्तीय संस्थालाई अनुमति प्रदान भएको छ । यसका साथै कृषि प्रशोधनशालाको स्थापना र सञ्चालन गर्ने प्रयोजनका लागि साना किसान सहकारीमार्फत सहुलियतपूर्ण ऋण लगानी गर्न नेपाल सरकारबाट स्वीकृति प्रदान भईआएको छ । हाल साना किसान सहकारी संस्था लि. समाल्बुङले करिब एक करोड पचास लाखमा कारखाना स्थापना गरी अर्थोडक्स ग्रीन टि परीक्षण उत्पादन गरिसकेको छ भने साना किसान सहकारी संस्था लि. श्रीअन्तुले करिव १ करोड ६० लाखमा कारखाना निर्माण कार्य सम्पन्न गरेको छ । समाल्बुङले परीक्षण उत्पादनसहित करिव ५०० केजी ग्रीन टि उत्पादन गरिसकेको छ भने चैत्रदेखि सुरु हुने नयाँ सिजनबाट पूर्ण क्षमतामा सञ्चालन गर्ने लक्ष्य लिएको छ । संस्थाले जानकारी दिए अनुसार संस्थाका चिया खेती गरेका अरु साना किसान सदस्यहरूले पनि साना चिया कारखाना सञ्चालनका लागि इच्छा व्यक्त गरिरहेका छन् । कारखाना स्थापना गर्ने सन्दर्भमा साना किसान विकास लघुवित्त वित्तीय संस्थाले दुवै सस्थाहरूलाई एक/एक करोड ब्याज अनुदान सहितको सहुलियत कर्जा उपलब्ध गराएको छ ।

### संस्थागत कार्यक्रम (चिया प्रशोधन) अनुसरणका सबल पक्षहरू

- व्यावसायिक पक्ष र परियोजना व्यवस्थापनका अनुभवका बारेका ज्ञान
- परियोजना सुरु गर्ने सन्दर्भमा धेरै समस्याहरूको बारेमा पुर्व जानकारी प्राप्त हुने र समयमा नै समाधानउन्मुख हुन सकिने
- प्राविधिक ज्ञान तथा प्राविधिक सहयोगमा सहजता
- नीति निर्माण तथा सञ्चालन प्रकृयाका बारेमा सहजता
- न्यून लागतको स्रोत व्यवस्थापनमा सहयोग
- उत्पादनको बजार व्यवस्थापनमा साना किसान नेटवर्कको प्रयोग
- स्थानीय स्तरमा रहेका वित्तीय एवं गैरवित्तीय श्रोतको पहिचान तथा त्यसको उच्चतम उपयोग गर्न संस्थागत प्रयत्न हुने,
- यो कार्यक्रमको उद्देश्य "आफ्नो उत्पादन आफैं प्रशोधन" रहेको हुनाले कच्चा पदार्थ प्राप्तिमा तथा गुणस्तर निर्धारणमा सहजता
- हरियो पत्ती सङ्कलन गर्ने क्रममा बिचौलियाले पाउने मार्जिन (कमिसन) किसानलाई प्राप्त हुने ।
- आफ्नो उत्पादनको अधिक लाभ किसान सदस्यलाई प्राप्त हुने
- संस्थागत आधार भएका कारण परियोजना विस्तार तथा विकासमा सरकार तथा विभिन्न निकाय/संस्थाहरूसँगको समन्वयमा सहजता हुने ।

### ध्यान पुऱ्याउनुपर्ने पक्षहरू

- परियोजनाको व्यावसायिक योजना निर्माण तथा त्यसको व्यावहारिक विश्लेषण
- दीर्घकालीनरूपमा सञ्चालन गर्नका लागि कार्यशील पूँजीको व्यवस्था, कच्चा पदार्थको गुणस्तरीयता, दिगो स्रोत तथा बजारीकरण व्यवस्था
- कारखानालाई आवश्यक कच्चा पदार्थ सदस्यहरूले नै उत्पादन गर्नसक्ने र आवश्कता परेमा अन्य स्थानबाट सहजरूपमा कच्चा पदार्थ उपलब्ध हुनसक्ने/नसक्ने अवस्था
- सहयोगी संस्थासँगको समन्वय तथा अनुसरणयोग्य कार्यक्रम सञ्चालन गरेका संस्थाको अवलोकन
- उत्पादन अनुसार प्रशोधनसँग सम्बन्धित विज्ञ तथा प्राविधिकहरूको व्यवस्था
- कारखाना स्थापना गर्न आकर्षित हुने कानुनी व्यवस्थाको जानकारी तथा स्थानीय सरकारसँगको समन्वय

वितर्तामोड

# अविस्मरणीय कर्णाली र साना किसान अभियान



✍ पारसमणि मिश्र
अनुसरण सहजकर्ता

अभियान भन्ने शब्द सामान्यतः राजनैतिक परिप्रेक्ष्यमा ज्यादा प्रयोग हुने गर्छ । यस लेखमा त्यस्तो अभियानको बारेमा चर्चा गर्दैछु, जुन अभियान नेपालको सहकारी गतिविधिसँग सम्बन्धित छ अनि मेरो लागि अत्यन्तै अविस्मरणीय छ । यो अभियान भनेको सामूहिक कार्यको थालनी भएको अभियान, कृषिको अभियान, किसानको अभियान, गरिबीलाई निर्मूल पार्ने अभियान, नेपाली मोडलको लघुवित्त अभियान, कृषिमा यान्त्रिकीकरणको अभियान अनि देशका साना किसानहरूका हितमा मात्र केन्द्रित विशुद्ध सहकारी अभियान हो । यस्तै कुनै पनि उपनाम दिन सकिने हाम्रो आफ्नै मौलिक कार्यक्रमको नाम हो “साना किसान विकास अभियान” ।

> घरमा खेतबारी बाँझै छ । भेरी, कर्णाली र तिला जस्ता नदीहरू जमीन नजीकैबाट हाँसी हाँसी बगिरहेका छन्, अनी त्यहीं ५०० मिटर नजिकको खेतको माटो पानी नपाएर छटपटाइरहेको छ । विकासको नेतृत्व गर्ने, अगुवाहरूलाई यस्तो दृश्यले छोएको खासै देखिदैन ।

मैले यो अभियानमा संलग्न हुन पाएको ७ वर्ष भैसकेको छ । यतिबेला म आफ्नो यही अभियानसम्बन्धी जिम्मेवारी पुरा गर्ने कममा कर्णालीका केही सहकारी सदस्यहरूसँग प्रत्यक्षरूपमा जोडिएको छु । कर्णालीका दुर्गम स्थानमा रहेर यस सम्बन्धी काम गर्दा आइपर्ने समस्याको त कुरै नगरौं । भौगोलिक विकटता, विकासका पूर्वाधारहरूको अभाव, त्यसमा पनि शिक्षा र जनचेतनाको अभाव देख्दा लाग्थ्यो यस्तो ठाउँमा यो अभियान के सफल होला ? निर्धारित लक्ष्य कसरी प्राप्त गर्न सकिएला ? यस्ता प्रश्नहरू धेरै भए पनि आफूलाई दिइएको जिम्मेवारी वहन गर्दै म यो अभियान सफल बनाउन अगाडि बढिरहेको छु, आफ्ना बुद्धिले भ्याएसम्म इमान्दारीपूर्वक काम गरिरहेको छु ।

कर्णाली प्रदेशमा यो अभियानको जिम्मेवारी लिएर आउँदा सुरुका दिनमा त, निकै गाह्रो र अफठ्यारो परेको थियो । कालान्तरमा त्यही अफ्ठेरोसँग खेल्ने र रमाउने बानी पर्दै गइयो । भौगोलिक विकटता, नौलो परिवेश, फरक सामाजिक जीवन, फरक भाषा र संस्कृति, यस्तै यस्तै विषय र परिवेशले सुरुका दिनमा त, यो अभियानमा संलग्न हुन र यो कठिन जिम्मेवारी वहन गर्न किन आए होलाजस्तो पनि लाग्यो । तर पनि यहाँका साना किसानहरूको जाँगर,आत्मीयता र हाम्रो टिमको साथसहयोगले केही सफलता प्राप्त हुँदै गएपछि काम गर्ने मनोबल पनि वृद्धि हुँदैगयो ।

सुर्खेत जिल्लाको पश्चिम भाग, कालिकोट, दैलेख, जाजरकोट, सल्यान र रुकुम पश्चिमका कुप्रथाहरू, त्यहाँको भौगोलिक विकटता, फरक खालको सामाजिक, सांस्कृतिक र आर्थिक अवस्था, अनि चेतनाको अभाव आदिजस्ता परिस्थितिको बिचमा रहेर काम गर्नु कहाँ सजिलो हुँदो रहेछ र ? तर पनि आफ्नै देशमा यस्ता चुनौतीहरूबिच पनि काम गर्ने अवसर जोकोहीलाई कहाँ प्राप्त हुन सक्छ र, यो त, मेरा लागि काम गरेर देखाउने दुर्लभ अवसर पो हो त , यस्तै कुराहरूले काम गर्ने मनोबललाइ वृद्धि गर्दै कर्तव्यपथमा लागिरहेको छु ।

> यतिबेला म साना किसान विकास बैंकमार्फत सञ्चालित साना किसान कार्यक्रमको अभियानमा प्रत्यक्ष संलग्न छु । यो विकट कर्णालीमा पनि यहाँका गरिबलाई सम्बोधन गर्दै उनीहरूलाई स्वावलम्बी बनाउने उद्देश्यले यो अभियानलाई यहाँसम्म ल्याइपुऱ्याउनुहुने अग्रजहरूको आँट र हिम्मतलाई सम्मान गर्न मन लाग्छ ।

सुर्खेत पश्चिमको छाउपडी, छुवाछुत र धामी झाँक्रीको विश्वासले मन भतभती पोलेको छ । फोहोर फाल्ने कुचोले छट्पटिएको बालकको शरीर बढारेर धामी विधिबाट उपचार भइरहेको देखिन्छ । त्यहीँ पुगेर प्रत्यक्ष शिक्षा दिनुपर्ने अवस्था छ । छाउघरहरू भत्काउन थालिएको छ । त्यसबारे केही बोल्दा “तपाईलाई के थाहा छ सर ? तपाइ नयाँ मान्छे”, भन्ने जवाफ आउँछ । केही व्यक्त गर्न खोज्दा त्यहाँ आफैं अशिक्षित भईन्छ । जनप्रतिनिधिहरू पनि त्यहींको संस्कारबाट हुर्केका छन् । अनि मन भित्र भित्रै पोल्न थाल्छ । उता कालिकोटमा सडकको अभाव छ । एनजीओ आइएनजीओहरूले पैसा बाँड्छन् भन्ने आशा स्थानीयवासीमा रहेको देखिन्छ । कार्यक्रममा जाँदा मासु भात खान पाइन्छ भन्ने आशाले त्यसतर्फ जान उनीहरू उत्प्रेरित हुन्छन् । हामी दिन होइन सिकाउन गइरहेका छौं भन्ने कुरा तिनीहरूलाई के थाहा । यहाँका कतिपय ठाउँमा ब्याजदरको नाममा कायम रहेको मिटरब्याजको परम्परा र त्यसबाट पीडित जनसाधारणको अवस्था त व्याख्या गरेर साध्य छैन । केही सीमित टाठाबाठाहरूको यस किसिमको प्रवृत्ति र गरिब जनताको आँशु , आदिजस्ता विषयलाई नजिकबाट देख्न पाएको छु यतिबेला । यस्तो परिस्थितिमा यस क्षेत्रको सामाजिक आर्थिक गतिविधिमा थोरै भए पनि सुधार ल्याउनुपर्छ भन्ने. फराकिलो सोच राखेर साना किसान अभियान सञ्चालन गर्न थालिएको रहेछ । सोही अभियानको अभियन्ताको रूपमा रहेर यो विकट भूगोलमा केही सघाउ पुऱ्याउन पाएकोमा म आफूलाई गौरवान्वित ठान्दछु ।

यहाँ जाडोमा कपडाको अभाव छ र गर्मीमा सिँचाईको लागि पानीको । समाजमा बालविवाहको

आज नहोला, भविष्यमा त,कर्णाली प्रदेशको समस्यामा सुधार पक्कै हुनेछ र यही ठाउँ भोलिका दिनमा सुन्दर कर्णाली बन्नेछ । त्यसको लागि एकता र सहकार्यको आवश्यकता छ, त्यो एकता र सहकार्य “सहकारीता” मा छ अनि त्यै सहकारीताको भावना साना किसान अभियानमा छ । कर्णालीको कृषिलाई आधुनिकीकरण गर्ने क्षमता यो साना किसान अभियानभित्र प्रशस्तै छ ।

दर्दनाक अवस्था छ । घर वरिपरिको सरसफाईको अवस्था पनि त्यस्तै छ यहाँ, । कक्षा १० पढेको मान्छे पनि गाउँमा कमै भेटिन्छन् । उनीहरू कामका लागि भारतका विभिन्न शहरहरूमा पुग्नेगर्छन् अनि फर्कदा विभिन्न रोगहरू लिएर आउँछन् । कतिपय निर्दोष परिवार आज समाजको लागि घृणको पात्र बनेका छन् । घरमा खेतबारी बाँझै छ । भेरी, कर्णाली र तिला जस्ता नदीहरू जमीन नजीकैबाट हाँसी हाँसी बगिरहेका छन्, अनी त्यहीं ५०० मिटर नजिकको खेतको माटो पानी नपाएर छट्पटाइरहेको छ । विकासको नेतृत्व गर्ने, अगुवाहरूलाई यस्तो दृश्यले छोएको खासै देखिदैन ।

हामी उत्पादन, यान्त्रिकीकरण र बजारीकरणको ठूला ठूला कुरा गर्छौं । महिला अधिकारका कुरा गरेर कहिले थाक्दैनौं । यहाँ भने आज सुत्केरी भएको महिलाले भोलिपल्टै पानीको भारी बोकेर हिँड्नुपर्ने अवस्था छ । ६ वर्षीय बालिकाले गाग्रामा पानी भरेर बोकेको दृश्य, छोरा जन्मदा परिवारमा रमाइलो गरेको अवस्था, सहकारीमा संलग्न हुन घरका पुरुषको अनुमति लिनुपर्ने बाध्यता । यस्ता धेरै विषयहरू मैले आफ्नो डायरीमा टिपोट गर्ने र क्यामेरामा कैद गर्नेगरेको छु । सबैका लागि शिक्षा र सबैको लागि स्वाथ्यजस्ता विषयमा ठूला ठूला गोष्ठी र डिनरहरू भैरहेकै छन् राजधानीमा । ती गोष्ठीका स्वादिला निष्कर्ष र कार्ययोजनाहरू हवाइजहाज चढेर यो कर्णालीसम्म आइपुग्न भ्याउदैनन् ।

यस्तो परिस्थिति सबै लेखेर वा दर्शाएर मात्र मन रमाउदैन । तर पनि आफ्नै माटोको यो पीडा अरुसँग नबाँडिकन समस्या समाधान हुने पनि देखिदैन । ”“ओ स्याड,माइ गड” भन्नेजस्ता भावनात्मक शब्दहरु मात्र व्यक्त हुन्छन् । अनि ती शब्द र सहानुभूति त्यहीं बिलाएर जान्छन् । स्थिति भने जस्ताको तस्तै ।

यतिबेला म साना किसान विकास बैंकमार्फत सञ्चालित साना किसान कार्यक्रमको अभियानमा प्रत्यक्ष संलग्न छु । यो विकट कर्णालीमा पनि यहाँका गरिबलाई सम्बोधन गर्दै उनीहरूलाई स्वावलम्बी बनाउने उद्देश्यले यो अभियानलाई यहाँसम्म ल्याइपुऱ्याउनुहुने अग्रजहरूको आँट र हिम्मतलाई सम्मान गर्न मन लाग्छ । बाटोघाटो र यहाँ पाइने अफ्ठेरो ब्यवहारसमेतलाई पर्वाह नगरी अभियानमा लाग्नुहुने साथीहरुलाई बिर्सन मिल्दैन । त्यसैले यो अभियान साँच्चै अविस्मरणीय छ । यो अभियानले गर्नु धेरै छ, सोही लक्ष्यअनुसार सबै निकायहरू लागिपरिरहेका छन् । त्यसैले गर्व पनि लाग्छ साना किसान कार्यक्रमजस्तो यो पवित्र अभियानमा जोडिएर काम गर्ने अवसर पाएकोमा ।

अर्कोतर्फ, सबै ठाउँ यस्तै छन् भन्न खोजेको होइन, अन्य प्रदेशको तुलनामा अलि बढी भएको छ यहाँ । तर पनि म एउटा कुरामा विश्वस्त छु, आज नहोला, भविष्यमा त, कर्णाली प्रदेशको समस्यामा सुधार पक्कै हुनेछ र यही ठाउँ भोलिका दिनमा सुन्दर कर्णाली बन्नेछ । त्यसको लागि एकता र सहकार्यको आवश्यकता छ, त्यो एकता र सहकार्य “सहकारीता” मा छ अनि त्यै सहकारीताको भावना साना किसान अभियानमा छ । कर्णालीको कृषिलाई आधुनिकीकरण गर्ने क्षमता यो साना किसान अभियानभित्र प्रशस्तै छ । यसका लागि यहाँका सदस्य किसानहरूमा सकरात्मक धारणाको विकास गराउनु छ । आशा छ यसले परिवर्तन ल्याउनेछ अनि एक दिन यो प्रदेशलाई समुन्नत तुल्याउन हामी पक्कै सफल हुनेछौं, हाम्रो अभियानले सार्थकता पाउनेछ, हाम्रो मेहनत निरन्तर रहने छ । साना किसान अभियानमार्फत महिला नेतृत्व विकास भएको, महिला हिसांको न्यूनीकरण भएको, आर्थिक कृयाकलापमा महिलाको संलग्नता वृद्धि भएको, न्यून स्तरको रोजगारीका लागि भारत जाने प्रवृत्तिमा उल्लेख्य कमी आएको, कृषि उत्पादनमा व्यावसायिकता भएको र त्यसको बजारीकरणमा सबैको साथसहयोग रहेको जस्तो अवस्था यो अभियानको मूल गन्तव्य हो ।

साना किसानलाई विकासको मूल प्रवाहमा जोड्ने महत्वपूर्ण कडी यही साना किसान विकास अभियान हो । यसैको माध्यमबाट कृषि क्षेत्रमा उर्जावान समुदाय निर्माण गर्ने काममा हामी सहकारीकर्मीहरू लागिरहनुपर्छ । यहाँका किसानहरू मेहनती छन् , इमानदार छन् । मात्र उनीहरूमा साधन स्रोत प्रवाह गर्ने र व्यावसायिक सिप प्रदान गर्नेहरूको खाँचो छ । साना किसान अभियान भनेकै गरिब किसानलाई छानी छानी उनीहरूलाई व्यावसायिक तुल्याउने कार्यक्रम हो । साना किसान विकास बैंक यस्तै कामका लागि भनेर स्थापित भएको छ । सोही बैंकको मार्गदर्शनमा हामीजस्ता अनुसरणकर्ताहरू यो अभियानमा संलग्न छौं । गाउँका गरिब किसानदेखि साना किसान बैंकसम्मका हामी सबैले भएको मेहनत र पसिनालाई आआफ्नै ठाउँबाट कर्णालीको माटोमा निरन्तर पोखिरहन सके परिवर्तन हाम्रै पालामा सम्भव छ ।

साना किसान अभियान भनेकै गरिब किसानलाई छानी छानी उनीहरुलाई व्यावसायिक तुल्याउने कार्यक्रम हो । साना किसान विकास बैंक यस्तै कामका लागि भनेर स्थापित भएको छ । सोही बैंकको मार्गदर्शनमा हामीजस्ता अनुसरणकर्ताहरु यो अभियानमा संलग्न छौं । गाउँका गरिब किसानदेखि साना किसान बैंकसम्मका हामी सबैले भएको मेहनत र पसिनालाई आआफ्नै ठाउँबाट कर्णालीको माटोमा निरन्तर पोखिरहन सके परिवर्तन हाम्रै पालामा सम्भव छ, ।

जय सहकारी । जय साना किसान ।

# पृथ्वीनगरको गरिबी न्युनीकरणमा साना किसान कृषि सहकारी संस्थाको भुमिका



✍ देवीप्रसाद कोइराला

## पृष्ठभूमि

नेपाली अर्थव्यवस्थामा सहकारी क्षेत्रको भूमिकालाई संवैधानिक मान्यता प्राप्त छ । समग्रमा मुलुकको अर्थतन्त्र बिचौलियाबाट परिचालित रहनु वर्तमान नेपाली अर्थतन्त्रको गम्भीर समस्या हो । यसको पृष्ठभूमिमा सहकारी अर्थतन्त्रको विकास मुलुकको गम्भीर आवश्यकता बनेको छ । नेपालमा प्रशोधन तथा निर्यातमुखी उत्पादनक्षेत्र कम हुनुले अर्थतन्त्रलाई आत्मनिर्भर हुनमा चुनौती थपेको छ । कृषिक्षेत्र नेपालको अर्थतन्त्र र विकासको मेरुदण्ड नै हो । कृषि उत्पादन, उपजको प्रशोधन, भण्डारण र बजारीकरण कृषकको एक्लो प्रयासबाट सम्भव छैन । यसैले सामुहिकताको माध्यमबाट किसानको उत्पादन तथा कार्यक्षमता बढाउँदै निर्यातमुलक व्यापारलाई प्रवर्द्धन गर्न आवश्यक छ ।

ग्रामीण समुदायमा आधारित साना किसान कृषि सहकारी संस्थाले सानो मात्रामा तरकारी खेती, पशुपंक्षी पालन, बागवानी, माछापालन, अन्नबाली उत्पादन गर्नमा किसानलाई उत्प्रेरित गर्ने गर्छ । किसानहरूलाई गोलबन्द गरी सहकारिताका माध्यमबाट पूँजीको थप प्रबन्ध गर्दै किसानको उत्पादकत्व र उत्पादनलाई बढाउनु नै यस्ता सहकारीको मूल उद्देश्य हुन्छ । सदस्यहरूको आर्थिक तथा सामाजिक विकास गरी जीवनस्तरमा सुधार ल्याउनु यस्ता सहकारी संस्थाको मूल उद्देश्य हुन्छ । झापा जिल्लाको भद्रपुर नगरपालिकाको पृथ्वीनगरमा रहेको साना किसान कृषि सहकारी संस्था लिमिटेड पृथ्वीनगर यस्तै एउटा सफल यात्रामा रहेको संस्था हो ।

## यसरी अगाडि बढ्यो यो संस्था

झापा जिल्लाको दक्षिणपूर्वी भागमा अवस्थित पृथ्वीनगर क्षेत्र सिँचाइको सुविधा नभएको कम उर्वर र सुख्खा क्षेत्रको रूपमा चिनिन्थ्यो । मुलुकका विभिन्न भागबाट आएका प्रकोपपीडित, भूमिहीन, सुकुम्बासी र अन्य विपन्न वर्गका मानिसलाई व्यवस्थित रूपमा बसोबास गराउन तत्कालीन सरकारले २०२७ सालदेखि पुनर्वास कार्यक्रमबाट बस्ती विकास सुरु गरेको थियो । तीन कट्ठादेखि तीन बिगाहासम्म जग्गा हुने र भूमिहीन गरी करिब १५०० परिवार मिलेर साझा आर्थिक उन्नतिका लागि २०५१ माघ छ गते साना किसान कृषि सहकारी संस्था लिमिटेड पृथ्वीनगर गठन भएको हो । सुरुमा कृषि विकास बैंकको साना किसान विकास आयोजनाको व्यवस्थापन सहयोग रहेको यस सहकारीले २०५२ चैतबाट व्यवस्थापन आफैँले अगाडि बढाउँदै यो संस्था निरन्तर अगाडि आएको छ ।

## कार्यक्रमहरू

सहकारी संस्थाको स्थापनाकालदेखि हालसम्म विभिन्न कार्यक्रम सञ्चालनमा छन् । मूलभूत कार्यक्रम निम्न छन् :

- लघुवित्त कार्यक्रम : संस्थाका सदस्यहरूलाई सानो पूँजीको संयोजन गर्ने कार्यक्रमको रूपमा कृषि तथा व्यावसायिक लघु उद्यमका लागि २६ करोड ७३ लाख २८ हजार रूपैयाँ कर्जा लगानीमा छ ।
- बचत तथा बैकिङ्ग कार्यक्रम : संस्थाका १२४५ सदस्यहरूले नियमित रूपमा बचत गर्दछन् । आवश्यकता परेमा आआफुले उक्त रकम परिचालन समेत गर्दछन् । सदस्य तथा तिनका परिवारका सदस्यको व्यक्तिगत साधारण बचत तथा आवधिक बचत लिनेगरेको छ । अहिले यस्तो बचत रू.१३ करोड ४१ लाख ४८ हजार पुगेको छ ।
- पशु बिमा कार्यक्रम : सदस्य किसानहरूका गाई, भैंसी, गोरु, राँगा, पाडा, बाछाजस्ता पशुधनको जोखिमविरुद्ध सुरक्षार्थ यो कार्यक्रम सञ्चालन भएको हो । संस्थाबाट ऋण लिई खरिद गरिएका उल्लिखित पशुलाई अनिवार्य र अन्य पशुका हकमा स्वैच्छिक रूपमा बिमा गरिने व्यवस्था मिलाइएको छ । पाँच प्रतिशत वार्षिक बिमा किस्ता लिएर गराइने बिमामा बिमित पशु मर्न गएमा ८० प्रतिशत क्षतिपूर्ति दिने व्यवस्था रहेको छ । हाल उक्त कोषमा रू.३२ लाख ८८ हजार बिमा रकम मौज्दात छ ।
- सामाजिक तथा सामुदायिक कार्यक्रम : संस्थाले विभिन्न स्वास्थ्य संघसंस्थासँग समन्वय गरी स्वास्थ्य शिविर सञ्चालन गर्ने, बाटो निर्माण गर्ने, पूलपूलेसा नाली आदि निर्माणमा सहयोग गर्नेजस्ता सामाजिक सामुदायिक कार्य गर्दै आएको छ ।
- उपभोक्ता भण्डार सञ्चालन : संस्थाले किसानको आवश्यकताअनुसार बाली संरक्षण औषधी, मल, पशुका लागि औषधी, दाना आदिको सुपथ मुल्यको भण्डार सञ्चालन गर्दैआएको छ । यसका लागि संस्थामा दुई जना पशुसेवा प्राविधिक र दुई जना तालिमप्राप्त पशु तथा कृषि औषधी बिक्रेता कार्यरत छन् ।
- सहकारी अनूसरण कार्यक्रम : कृषि विकास बैंक तथा साना किसान विकास बैंकको सहयोगमा संस्थाले निकटवर्ती समुदायमा समेत गरिबी तथा विपन्न वर्गका परिवार सदस्यहरूलाई समुहमा आबद्ध गराएको छ । सहकारितामार्फत आर्थिक तथा सामाजिक रूपान्तरण गर्नमा तिनलाई सघाउने गरी यो अनुसरण कार्यक्रम सञ्चालन गरिएको हो । बालूबाडीमा यो कार्यक्रम सफलतापूर्वक सम्पन्न गरी स्वामित्व तथा व्यवस्थापन सोही समुदायका सदस्यहरूमा हस्तान्तरण भैसकेको छ । जलथल र राजगढमा यो कार्यक्रम अद्यापि चालु छ । बालूबाडीमा ६००, राजगढ र जलथलमा १२०० गरी १८०० सदस्य अहिले सक्रियतापूर्वक संलग्न छन् ।
- सघन चिया विकास कार्यक्रम : भौगोलिक अवस्था र उत्पादन सम्भाव्यता समेतलाई ध्यानमा राखी पृथ्वीनगर क्षेत्रमा साना किसान चिया खेती सुरु गरिएको हो । चियाका बेर्ना तयारी, बेर्ना रोपण, मलजल, स्याहारसम्हार, प्रशोधन, तयारी चिया उत्पादन, बजारव्यवस्थापन यो कार्यक्रमको मूल पक्ष हुन् । संस्थाको ऋण सहयोगमा सदस्य किसानहरूले करीब २०४ विघा जमिनमा चिया खेती गरेका छन् । संस्थाले आफ्नै करिब ६ विघा ८ काठ्ठा जमिनमा चिया खेती गरेको छ भने सदस्य किसान र संस्थाले उत्पादन गरेको हरियो चियापत्ती प्रशोधन गर्न किसान र संस्था मिलेर चिया कारखाना स्थापना गरी वार्षिक रूपमा २५ लाख केजी हरियो चियापत्तीबाट छ लाख केजी तयारी चिया उत्पादन भइरहेको छ ।
- बाल विकास कार्यक्रम : पाँच वर्षभन्दा कम उमेरका बालबालिकालाई विद्यालयपूर्वको प्रारम्भिक बालबिकासका लागि पृथ्वीनगर क्षेत्रका ५ वटा विद्यालयका करिव १५० बालबालिकालाई प्रारम्भिक बाल विकास केन्द्रमार्फत सेवा र स्याहार उपलब्ध भैआएको छ ।
- महिला सशक्तिकरण कार्यक्रम : द एसिया फाउन्डेसन र प्याक्ट नेपालसँगको साझेदारीमा महिलाका लागि शैक्षिक, आर्थिक, कानुनी र सामाजिक विकासका क्रियाकलाप सञ्चालनमा छन् । यस कार्यक्रममा ४८० जना महिलाहरू संलग्न छन् ।

## गर्दै सिक्दै, सिक्दै गर्दै

यस क्षैत्रमा विगतमा व्यावसायिक रूपमा केरा खेती, भैंकटहर खेती, तरकारी खेती आदि गरिसकिएको छ । भारतसँगको खुला सिमाना, भारतीय सरकारको कृषिमा अनुदान नीतिजस्ता कारणले नेपाली उत्पादनले बजारमा प्रवेश पाउनमा समस्या उत्पन्न भएर धेरै किसानहरूले ठुलो असफलता बेहोरे । सिँचाईको अभाव र उल्लिखित कारणले किसान मकै, कोदो खेतीमै फर्कनुपर्ने अवस्था आयो । कृषिबाट विमुख बन्दै केही रकम जुटाएर खाडीतिर रोजगारीमा जाने र रकम जुटाउन नसक्ने भारततिर मजदुरीमा जाने क्रम चल्यो । कतै जान नसक्नेलाई भने अझ कष्ट थपिन पुग्यो ।

विसं २०५३ तिर पृथ्वीनगरका कम उर्वर जग्गाहरू सस्तो हात पारेर उद्योगपतिहरूले चिया खेती लगाउन थाले । तिनका बगानमा प्रयोग भएको प्रविधि, गहिरो नाला, कीटनासक सामग्रीको प्रयोगजस्ता कुराले आसपासका साना किसानको खेतीमा प्रतिकुलता पैदा भयो । किसानले जग्गा तिनै उद्योगपतिहरूलाई सस्तै सुम्पेर सुकुमबासी बन्ने क्रम पो सुरु भयो । यस अवस्थामा चिया आक्रमण विरुद्ध साना किसानलाई संरक्षण दिन साना किसान सहकारी संस्था लि. पृथ्वीनगरले साना किसानस्तरमै चिया खेती विकास गराउने कार्यक्रम आरम्भ गऱ्यो ।

विसं २०५४ सालदेखि संस्थाले चिया रोपाइको काम थाल्यो । कृषि विकास बैकसँग ऋण प्रबन्ध गरेर ८५ भन्दा बढी साना किसान परिवार चिया खेती व्यवसायमा समाहित गराइए । २०५८/५९ तिर चियाको बजारमा आएको मन्दी र कृषि विकास बैंकको लामो अवधि कर्जानीतिका कारण साना किसानलाई दिइने चिया ऋण रोक्का भयो । किसानहरूलाई यो सहकारी संस्थाले हिम्मत नहार्न ढाडस दिएरै अगाडि बढ्यो । सहकारीको कर्जा तथा किसानकै स्रोतबाट १० कट्ठा वा सोभन्दा बढी जग्गामा

किसानले चिया लगाए । यसको नतिजास्वरूप आज पृथ्वीनगरका १७६ साना किसान परिवार २०४ बिगाहा क्षेत्रफलमा चियाखेती गरिरहेका छन् । चियाखेती विस्तारको क्रम निरन्तर रूपमा रहेको छ । किसानलाई प्रशिक्षित गर्ने तथा थप हौसला प्रदान गर्ने उद्देश्यले संस्थाले सहकारीस्तरमा पनि ५ बिगाहा १८ कट्ठा जग्गामा चिया खेती गरेको छ ।

अब चिया पूर्णरूपमा उत्पादनमा आइसकेको छ । २०५८/५९ तिर आठ बिगाहा १४ कट्ठा जग्गामा लगाइएको सहकारी चिया खेतीबाट हाल वार्षिक करिब पाँच लाख आम्दानी हुन थालेको छ । बीचबीचमा चिया बजारमा आएका मन्दीलाई चिर्दै दीर्घकालीन रूपमा चिया खेती अगाडि बढाउन किसान तल्लीन छन् । प्रशोधन कारखाना सहकारीकै भएकाले हरियो चियापत्तीको उचित दाम किसानले पाइरहेका छन् । सहकारीले राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, कृषि शाखा, चिया विशेषज्ञ र कृषि औषधी व्यवसायीसँगको समन्वयमा प्रभावकारीरूपमा काम अगाडि बढाएको छ ।

### चिया खेतीले के परिवर्तन गऱ्यो किसानको जीवनमा

सहकारी संस्थामार्फतका चियाको गतिविधिबाट चियाको वैज्ञानिक खेतीमा जोड दिइएकाले किसानमा वैज्ञानिक खेतीको अवधारणा स्थापित भएको छ । त्यसअनुसारको सीप र कार्यकौशल पनि विकास भएको छ । कृषिमा भएको लगानी र आम्दानीको तुलनात्मक हिसाब गर्ने परिपाटी किसानमा स्थापित भएको छ । चियाको मात्र हैन किसानले तरकारीखेती, फलफूलखेती, गाईपालन तथा अन्य व्यवसायको पनि आम्दानी खर्चको हिसाब राख्ने पद्धति अपनाएका छन् । यो एक फड्को मराइ नै हो ।

खाद्यान्न बालीको उत्पादनमा परम्परागत अभ्यास रहेको भए पनि चिया खेती सुरु भएपछि नगदे बालीतर्फ किसानको ध्यान बढी जान थालेको छ । यसले किसानको आर्थिक हैसियत र कारोबारमा अभिवृद्धि गरेको छ । किसानले पूरक व्यवसाय पनि थालेका छन् । रबरखेती डालेघाँस र पशुपालनमा बढोत्तरी भएको देख्न सकिन्छ । आयआर्जनको अवसर स्थानीय रूपमा उपलब्ध हुनाले वैदेशिक रोजगारमा जोड दिनेको चाप घटेको छ । सामुदायिक एकता र मेल अझ सघन भएको छ । श्रमको स्थानीय अवसर बढेको छ । चियाखेतीमा लाग्ने किसानहरूलाई चोके गफ गर्ने, व्यर्थमा समय गुमाउने, खेलबाडमा समय बिताउनेजस्ता कुराबाट मुक्त बनाउन यसले खास काम गरेको छ र किसान पनि व्यस्त व्यावसायिक जीवनमा समर्पित भएका छन् । किसानको आयस्ता बढ्नाले क्रयशक्ति पनि बढेको छ । व्यक्तिगत व्यवसाय पनि चल्ने र सहकारीको सामुहिक व्यवसाय पनि रहने कारणले किसानले दोहोरो लाभ पाएका छन् र त्यसको अनुभुति भएको छ । साना किसान सहकारी संस्था लि. पृथ्वीनगरका यी सबै गतिविधिलाई नियाल्दा संविधानले परिकल्पना गरेको तीन खम्बे अर्थनीतिको एउटा खम्बा सहकारी पनि हो भन्ने कुरा सार्थक हुनेछ भन्ने छनक पाउन सकिन्छ ।

# कृषि सहकारी र उत्पादनको बजारीकरण



✍ दोर्णराज घिमिरे

सामान्यतया वस्तुको बिक्रीलाई आमरूपमा बजारीकरण भनेर बुझ्ने गरिन्छ । तर बजारीकरणको अर्थ त्योभन्दा फरक र बृहत् छ । तथापि बिक्री कार्य पनि बजारीकरणभित्रकै मुख्य पाटो हो । बजारशास्त्रको परिभाषा अनुसार ग्राहकको आवश्यकताको अध्ययन गरी सो पुरा गर्न वस्तुको उत्पादन, बिक्री वितरण गरी संस्थालाई नाफामा लैजानु पूर्ण बजारीकरण हो ।

सहकारी क्षेत्रका बुद्धिजीवी, अगुवा र आम व्यक्तिहरूको मत के रहेको छ भने सहकारीले विचौलियालाई निर्मूल गर्छ । तर यहाँनेर छुटेको विषय भनेको उत्पादनलाई उपभोक्तासम्म पुऱ्याउने माध्यम भनेको वितरण माध्यम अर्थात् विचौलीया नै हुन् । विचौलीया (वितरणका माध्यम) विना सहकारीकै उत्पादन पनि, (सहकारी सदस्यका उत्पादन) उपभोक्तासम्म पुग्दैनन् । उपभोक्तासम्म नपुगेको उत्पादन वा बिक्री नहुने उत्पादनको व्यावसायिकताको हिसाबले खास केही अर्थ रहन्न । त्यसैले सहकारी संस्थाले विचौलिया हटाउने नभई विचौलियाको रूपमा अनावश्यक मूल्य वृद्धि गर्ने, अनुचित नाफा कमाउने, गुणस्तरलाई कायम नराख्ने प्रवृत्तिलाईचैं हटाउने अवधारणामा कार्य गर्न आवश्यक छ ।

वितरणको माध्यमको भूमिकामा सहकारीले आफूलाई राख्ने हो भने विचौलीयाको विकृतिलाई हटाउन सकिने देखिन्छ । सहकारी संस्थाले लिने नाफा उचित मात्राको हुने, तथा भएको नाफा पनि एक व्यक्तिको मात्र नभई सम्पूर्ण सदस्यको हुने कारणले पनि सहकारी संस्थालाई विचौलीयाको भूमिकामा राख्नु अपरिहार्य छ । सानो उत्पादन, प्रतिष्पर्धात्मक क्षमतामा कमी, ब्राण्ड तथा प्याकेजिङ एव विज्ञापन गर्न सक्ने हैसियतका कमीका कारणले, प्रतिष्पर्धात्मक बजारमा सहकारीका उत्पादनले उचित मूल्य नपाउने र वितरण सञ्जालबाट टाढा रहनुपर्ने अवस्था रहेको देखिन्छ । प्राविधिक दक्षता र क्षमता न्यून भएका कारणले पनि सहकारीका उत्पादनको बजारीकरण राम्रोसँग हुनसकेको छैन । त्यसैले सहकारी संस्थाले विचौलीया (वितरणका माध्यम)को रूपमा भूमिका निर्वाह नगर्ने हो भने सहकारी संस्था स्वयं वा यसका सदस्यले गरेका उत्पादनको सही बजारीकरण हुन कठिन देखिन्छ ।

सहकारी क्षेत्रमा, उत्पादनमूलक लगानी र उत्पादन प्रशोधन गर्ने कुराहरू बहसमा आउन थालेको केही समय भयो । उत्पादित वस्तुको बजारीकरणका विषयमा भने टड्कारो मुद्दाको रूपमा विषय उठान समेत भएको अझै छैन । केही सतही र देखावटीरूपमा गरिनु बेग्लै कुरा हो । माथि नै उल्लेख गरियो बिक्री विनाको उत्पादनको व्यावसायिक हिसाबले केही अर्थ छैन । तामझामका साथ उत्पादन सुरु गर्ने र केही समयपछि अस्तित्व नै समाप्त हुनेगरेका उदाहरण सहकारी क्षेत्रमै पनि धेरै छन् । यसो हुनुको एउटा मुख्य कारण उत्पादनको बजारीकरणमा ध्यान नदिनु अर्थात् वितरणको उचित र दिगो माध्यम नहुनु नै हो । सहकारीले सहकारी बजारीकरण अपनाउनु उचित हुने देखिन्छ । कच्चा पदार्थ उत्पादन, प्रशोधन, वितरण, प्रवर्द्धनमा जब सहकारी आफैं संलग्न हुन्छन, अनि सुरु हुन्छ सहकारी बजारीकरणको अभ्यास । उत्पादन मुल्य शृङ्खलाको हरेक तहका (उत्पादन, प्रशोधन, वितरण) फाईदा सहकारी सदस्यले पाउने अवस्थाले मात्र वाह्य विचौलीयाको अन्त्यसँगै समतामूलक समाज निर्माणमा बल पुग्न जान्छ ।

हाम्रो देशको सन्दर्भमा, कृषिमा अत्यधिक व्यक्ति सलग्न रहेको भए तापनि यो क्षेत्र असङ्गठित, सूचना र अवसरबाट टाढा, परम्पारगत विधिमा चल्ने निर्वाहमुखी भएको अवस्थाले यस क्षेत्रले गर्नसक्ने योगदान गर्न नसकेको र फाईदा पाउनुपर्ने वर्गले फाईदा लिन नसकेको अवस्था छ । वाह्य विचौलीयाको अत्याधिक शोषणमा परेको क्षेत्र पनि यही हो । यी सबै कारणहरूले गर्दा नै युवा पुस्ता कृषिप्रति आकर्षित हुन सकिरहेको छैन । यही स्थितिलाई बुझेर कृषि सहकारी संस्थाहरू र तिनका सङ्घहरूले क्षमता र संरचनाअनुसारको कृषि वस्तुको बजारीकरण गर्ने हो भने, समाज र देशको आर्थिक विकासमा गुणात्मक योगदान पुग्ने कुरामा शंका नै रहँदैन । त्यति मात्र होइन वर्तमान सहकारी ऐन २०७४ ले भनेको जस्तो, उद्देश्य अनुसारको कार्य गर्न समेत सहज हुने देखिन्छ । त्यसैले कृषि उत्पादनको मुल्य शृङ्खलामा कृषि सहकारीहरूको संलग्नता अबको आवश्यकता र बाध्यता दुवै हो । सहकारी क्षेत्रको अबको एउटा मुख्य बाटो सहकारी बजारीकरणको नै हो ।

छिमेकी देश भारतको सहकारी उत्पादन र बजारीकरणमा रासायनिक मल र दुधले लिएको हिस्सा र योगदान, बंगलादेशको सहकारी उत्पादन दुध, (ब्राण्डनाम मिल्कभिटा) ले प्राप्तगरेको सफलता आदिलाई उदाहरणको रूपमा प्रस्तुत गर्नेगरेका नीति निर्माताहरूले त्यसका लागि ती देशमा राज्यको तर्फबाट प्रदान गर्नेगरिएको सहयोगजस्ता असल अभ्यासलाई हाम्रो मुलुकमा पनि लागु गराउन सके यसबाट देशको समृद्धिमा महत्वपूर्ण सघाउ पुग्नजान्छ ।

अर्कोतर्फ नाम जे भए पनि कारोबारचाहीँ बचत तथा ऋणकै गर्ने मानसिकताबाट कृषि सहकारीकर्मीहरू बाहिर आउने र सहकारीमार्फत भएको उत्पादनलाई व्यापकरूपमा बजारीकरण गर्दै जानसकेमा भारतको अमुल र बंगलादेशको मिल्कभिटाले प्राप्त गरेजस्तो सफलता हाम्रो मुलुकले पनि प्राप्त गर्नसक्ने छ । त्यसका लागि राज्यको सहयोगका साथै कृषि सहकारी संस्थाहरू सहकारीको बजारीकरणमा संलग्न हुन आवश्यक छ ।

# मेहनतलाई नै जीवनको लक्ष्य ठान्ने कृषक पार्वती सुनार



२०७६ मङ्सिरको पहिलो साता, पृथ्वी राजमार्गको गजुरी बजारबाट १८ किलोमिटर पश्चिमतर्फ रहेको रोराङ गाउँपालिकास्थित पार्वती सुनारको खेतबारीमा पुग्दा सारा खेत बन्दाकोबीले ढाकिएको थियो । खेतमा जडित आधुनिक ढाँचाको पाइपबाट तर्कारीका बोटहरू स्वचालित रूपमा सिँञ्चित भैरहेको देखिन्थ्यो । उनी बिक्री गर्नलायक बनिसकेका बन्दाकोबी उखेल्ने कार्यमा व्यस्त थिइन् ।

रोराङ गाउँपालिका वार्ड नं. ७ धादिङ निवासी ४१ वर्षीय पार्वती सुनार त्यस क्षेत्रकी कुशल तर्कारी कृषक हुन् । उनले तरकारी खेती आरम्भ गरेको १३ वर्ष भैसकेको छ । २०६३ सालमा पहिलोपटक उनले साना किसान सहकारी संस्था लि.रोराङबाट दुईलाख रूपैयाँ कर्जा लिएर व्यवसाय आरम्भ गरेकी थिइन् । यसरी प्राप्त रू.दुई लाखमध्ये केहीले बाख्रा किनेर घरमा पाल्न थालिन् भने केही रकम जग्गा भाडामा लिएर तरकारी लगाउने काममा खर्च गरिन् । त्यसपछिका दिनमा उक्त सहकारी संस्थासँगको कर्जा कारोबार वृद्धि गर्दैलगेकी पार्वतीले अहिले रू. १० लाख कर्जा लिएर सबै रकम तरकारीखेतीमै लगाएकी छन् । सहकारीसँग कर्जा कारोबार गर्न थालेको १३ वर्षको अवधिमा उनको किस्ता भुक्तानी कहिल्यै पनि अनियमित भएको छैन । उनलाई त्यस क्षेत्रका इमान्दार ऋणीका रूपमा सो संस्थाका सञ्चालकहरू प्रशंसा गर्ने गर्दछन् ।

रोराङ गाउँपालिकामा रहेको १३ रोपनी जग्गामा उनको तरकारीखेती रहेको छ । उनले खेती गर्नेगरेको उक्त जग्गामा मौसमअनुसार बन्दा करेला,.काउलीलगायतका तरकारी भरिभराउ हुनेगर्छ । आफ्नो सम्पूर्ण समय उनी यही खेतबारीमै सुम्पने गर्छिन । तरकारीको थोकबजार र सङ्कलनकेन्द्र यिनको घरसँगै जोडिएको हुनाले आफ्नो उत्पादन बिक्री गर्न पनि यिनलाई सजिलो छ ।

एक सामान्य गृहणी पार्वती सुनार, सफल तरकारी कृषकको रूपमा कसरी स्थापित हुनपुगिन् त ? आफ्नै गाउँटोलमा रहेको कृषि सहकारी संस्थाको साथ सहयोग नै यसको मूल कारण रहेको बताउदै उनी आफ्नो विगतलाई यसरी सम्झिन्छिन् ।

साना किसान सहकारी संस्था रोराङले २०६३ सालमा त्यस क्षेत्रका साना किसानहरूलाई कृषि भ्रमणका लागि पश्चिम महेन्द्रनगर लाने भएछ । पार्वती पनि कृषि भ्रमणका लागि तयार भइन् । त्यतिबेलासम्म उनलाई यो सहकारीबारे केही पनि थाहा थिएन । धादिङबाट यात्रारम्भ भैसक्दा समेत उनले यो भ्रमणलाई सामान्य घुमफिरको रूपमा मात्र बुझेकी थिइन् । यात्राकै क्रममा भ्रमण आयोजना गर्ने संस्था साना किसान कृषि सहकारीका बारेमा धेरै कुरा उनलाई थाहा भयो । उनीजस्तै उद्यम गर्नचाहने साना किसानका लागि यसले कर्जालगायत विभिन्न सेवा दिनेगरेको कुरा पनि यो यात्राकै क्रममा उनले जान्न पाइन् । भ्रमणका क्रममा आफूले पुग्न र टेक्न पाएका कृषिस्थलबाट साना किसानले केकस्ता व्यवसाय गर्न सक्दारहेछन् भन्ने बारेमा उनले प्रशस्तै ज्ञान र जानकारी प्राप्त गरिन् । परम्परागत रूपमा घरगोठमा रहेका एक दुई गाई बाख्रा र कुखुरा अनि कोठेबारीमा रहेका दुईचार बोट हरिया तरकारी उमार्नु मात्र कृषिकर्म हो भन्ने बुझेकी पार्वतीका आँखाले कृषि सम्बन्धी केही ठूला परियोजनाहरू देखेपछि उनको मन मस्तिष्कमा व्यावसायिक कृषिका फराकिला चित्रहरू कोरिँदै गए ।

एक साताजतिको कृषि भ्रमण सम्पन्न गरी धादिङ पर्कि उन्जे लसम्ममा उनको मनमा आफू पनि यी व्यवसायीजस्तै सफल उद्यमी बन्छु भन्ने सपनाको बिउ हुर्किसकेको थियो । रैराङको कृषि सहकारी संस्था पनि यस्तै आत्मबल भएका मेहनती मान्छे पहिचान गर्दै आवश्यक स्रोत साधन उपलब्ध गराउने गर्थ्यो । पार्वतीको यो इच्छाशक्ति उक्त सहकारीका लागि पनि सहज गन्तव्य बन्यो ।

परम्परागत रूपमा घरगोठमा रहेका एक दुई गाई बाख्रा र कुखुरा अनि कोठेबारीमा रहेका दुईचार बोट हरिया तरकारी उमार्नु मात्र कृषिकर्म हो भन्ने बुझेकी पार्वतीका आखाले कृषि सम्बन्धी केही ठूला परियोजनाहरु देखेपछि उनको मन मस्तिष्कमा व्यावसायिक कृषिका फराकिला चित्रहरु कोरिँदै गए ।

त्यसो त, तरकारीका बेर्नासँगको पार्वतीको सम्बन्ध नयाँ होइन । बाल्यकालमा समेत उनी कलिला गोडा टेकेर खेतबारीमै लुखुर लुखुर हिंड्ने गर्थिन् । उनका मसिना औंलाले धान र मकैका बाला रमाइलो मान्दै सुम्सुम्याउने गर्थे । बाल्यकालको घमाइलो उमेरमा उनी खेतबारीमा प्रशस्तै रमाउने गर्थिन । अलि ठूली भएपछि पनि बाआमाहरूसँगै लागेर सागसब्जी र धानबाली गोडमेल गर्नेगर्थिन् । त्योबेला जे गरिन् लहडमा गरिन् । पछि खेतालाको रूपमा अरुकै खेतमा काम गर्न भनी जान थालेपछि मात्र उनी खेतीपाती सम्बन्धी धेरै कुरा जान्ने बुझ्ने भइन् । घरव्यवहारको दायित्वले थिचिदै गएपछि उनी अरुकै खेतबारीमा काम गरेर पसिना खर्चिन थालिन् । यसरी तलबी रूपमा अरूका लागि काम गर्दागर्दै तरकारीखेती सम्बन्धी धेरै कुराको ज्ञान र जानकारी उनले प्राप्त गरिसकेकी थिइन् । पारिश्रामिककै लागि काम गर्दैजाँदा खेती किसानीको अनुभव भने उनले राम्रैसँग सँगालिसकेकी थिइन् ।

सावित्री भन्ने उनकी एक शुभचिन्तक थिइन् । उनी पनि अरूको जमीन भाडामा लिएर खेती गर्ने गर्थिन् । एकदिन उनै सावित्रीले आफूले भाडा लिएर खेती गर्नेगरेको जग्गामध्ये एउटा गरा सिङ्गै पार्वतीलाई तिमी आफैं गरिखाऊ भनेर दिइन् । यो २०६३ सालको कुरा थियो । सावित्रीले माया गरेर दिएको त्यो गरामा उनले बन्दाकोबी लगाइन् । त्यसपछि करेलाको सिजनमा पुन करेला लगाइन् । यी दुवै बालीको उत्पादन बिक्री गर्दा उनलाई रू. ५० हजार आम्दानी भयो । यो आम्दानीले उनमा काम गर्ने हौसलाका साथै कर्जा लिने शक्ति र सामर्थ्य पनि विकास भयो । अहिले उनी १३ रोपनी जग्गा भाडामा लिएर खेती गर्नसक्ने भैसकेकी छन् । जग्गाको भाडा मात्र वर्षमा एक लाख तिर्नेगर्छिन् । हरेक वर्ष सिजनअनुसारको तरकारी फलाउछिन् । उनी पहिले काउली,त्यसपछि बन्दा अनि घिरौला,भन्टा र करेला आदि पालैपालो लगाउछिन् । यसोगर्दा वर्षभरि उनको जग्गा कहिले खाली हुँदैन । वर्षभरीमा उनी दस लाखभन्दा बढीको तरकारी बिक्री गर्छिन् । सबै खर्च कटाएर सरदर ६ देखि ७ लाखको आम्दानी वार्षिक रूपमा हुनेगर्छ ।

हामी मङ्सिरको पहिलो साता उनको तरकारीबारीमा पुग्दा त्यसबेलासम्म उनले दुई लाखको बन्दा बेचिसकेकी छन् । ;अब आठ दस लाखको बेचिन्छ होला' उनी ढुक्कसँग भन्छिन् । "पोहोर पनि अघिल्ला वर्षहरूमाझैं आठ, नौ लाखको बेचिन्थ्यो तर भाउ नै पाइएन के गर्ने " गत: वर्ष बन्दाको बजारभाउले दिएको निराशा उनको अनुहारमा सर्लक्क पोखियो । नाफा हुन्छ भन्दैमा सधैं ढुक्क हुन कहाँ सकिदोरहेछ र ? गत: वर्ष उनका बारीका बन्दाकोवी बारीमै कुहाउनुपर्ने अवस्था आइपऱ्यो । बन्दाको भाउ यति धेरै ओर्लियो कि बारीमा रहेको बन्दा उखेलेर घरसँगै जोडिएको सङ्कलनकेन्द्रमा पुऱ्याउदा लाग्ने ज्यामीज्याला बराबरको रकमसमेत आउन नसक्ने भयो । बारीका बन्दा माटोकै आहार भए ।

कुनै वर्ष घाटा भयो भन्दैमा तरकारीखेती गर्ने उनको धैर्य कहाँ टुट्थ्यो र । आगामी वर्ष यो घाटा सबै उकास्छु भन्ने दरिलो आत्मविश्वास उनीभित्र तुरुन्तै तिखारियो । अर्को वर्ष तरकारीखेतीको दायरालाई अझै बढाउने पक्षमा पो देखापरिन् उनी ।

कुनै वर्ष घाटा भयो भन्दैमा तरकारीखेती गर्ने उनको धैर्य कहाँ टुट्थ्यो र । आगामी वर्ष यो घाटा सबै उकास्छु भन्ने दरिलो आत्मविश्वास उनीभित्र तुरुन्तै तिखारियो । अर्को वर्ष तरकारीखेतीको दायरालाई अझै बढाउने पक्षमा पो देखापरिन् उनी ।

पार्वतीलाई साधारण लेखपढ गर्न जान्नेभन्दा माथि उठ्न उनको तत्कालीन परिस्थितिले दिएन । उसबेला साना केटाकेटीले विद्यालयको साटो बाखा चराउन जानु प्राथमिकतामा पर्ने गर्थ्यो । त्यस्तो सोच र पारिवारिक अवस्थामा हुर्केकी पार्वतीको विवाह पनि १६ वर्ष टेक्दानटेक्दै भैसकेको थियो । तरकारीखेती आरम्भ गर्नु अघि पार्वती घरमै सिलाइमेशीन राखेर लुगा सिउने काम गर्थिन् । यसबाट सन्तोषजनक रूपमै गुजारा भैरहेको थियो । मेशिनमा एकोहोरिदैगर्दा टाउको दुख्ने र आँखा सक्सकाउने रोगले छोएपछि सिलाइको काम उनले छाडिदिइन् । फूर्सद बस्न नसक्ने स्वभावकी पार्वतीले त्यसपछि कहिले पोते उनेर त, कहिले उन बाटेर जीविका गरिन् । अहिले भने उनले आफ्नो सम्पूर्ण समय तरकारीखेतीमै खर्चिनेगरेकी छन् । तरकारी व्यवसाय आरम्भ गरेपछि यसबाट भएको आम्दानीले रोराङ गाउँपालिकामा राजमार्ग नजिकै उनले घडेरी किनेर घरसमेत निर्माण गरेकी छन् । उनी अहिले आफूले दुःख गरेर निर्माण गरेको सोही घरमा आफ्ना छोराका साथ बस्नेगर्छिन् । उनीभित्र काम गर्ने आत्मबल प्रशस्तै देखिन्छ । कृषि क्षेत्रका नयाँनयाँ प्रविधिबारे उनी राम्रैसँग चासो राख्छिन् । उनको तरकारीबारी कहिले बाँझो हुन्न । वर्षैभरि हरियै देखिन्छ । पाँच सात जनालाई उनले वर्षैभरि रोजगार दिनसकेकी छन् ।

उनको दुःखसुखको साथीको रूपमा रहेको रैराङको साना किसान कृषि सहकारी संस्थाले एकपटक तालिमका क्रममा उनलाई नवलपरासीको एउटा परियोजना अवलोकनका लागि लिएर गएको थियो । त्यहाँ पार्वतीले टपरा बनाउने र खरलाई प्रशोधन गरेर मेशिनबाट डोरी बनाउने घरेलु उद्योग देखिन् । यो दृश्यले पार्वतीको मनलाई धेरै दिनसम्म लोभ्याइरह्यो । नयाँनयाँ सिप र इलम जान्न खोज्ने स्वभावकी पार्वतीलाई त्यस्तै व्यवसाय सञ्चालन गर्ने इच्छाले निकै सताएछ । उनले यस सम्बन्धी प्राविधिक जानकारी लिने प्रयास पनि केही वर्षसम्म गरिरहिन् । अन्ततः यसका लागि आवश्यक कच्चापदार्थको रूपमा रहेको खरको अभाव हुने देखिएपछि उनले आफ्नो यो इच्छा पूरा गर्न सकिनन् । आवश्यक वातावरण जुट्न सके त्यस्तो व्यवसायसमेत सञ्चालन गर्ने रहरको बिउ उनीभित्र अझै मासिएको छैन ।

तरकारीखेतीका साथसाथै गोठ बनाएर गाई पाल्ने रहर पनि पार्वतीमा नभएको होइन । उनी भन्छिन् "यो पनि राम्रो व्यवसाय हो । मनग्गे आम्दानी हुन्छ काम गर्ने इच्छा पनि छ, तर के गर्ने यसमा शारीरिक परिश्रम ज्यादा हुन्छ । मेरा शारीरिक समस्याले गर्दा त्यो गर्न सक्दिन ।" पार्वतीका केही आफन्त र साथीहरू विदेशमा पनि काम गर्न गएका छन् । कुनै समय उनी पनि साथीहरूको लहलहैमा लागेर कामका लागि पोल्यान्ड जान भनेर तयार भैसकेकी थिइन् । विदेशमा जानेले सुख मात्र होइन दुःखचैं ज्यादा पाएको छन् भन्ने सुनेपछि उनको मन मरेर आयो । कुराकानीका क्रममा उनी भन्छिन् "अब त मेरा लागि यहीँनै विदेश छ । अब त जान्न । विदेश जाने सल्लाह पनि कसैलाई दिन्न । त्यहाँ गर्ने दुःख यहाँ वसेर गर्न सके त्यतिकै कमाइ यहाँ पनि भैहाल्छ नि । म एउटी महिलाले त यति कमाइ गर्न सके भने हाम्रा दाजुभाइले त योभन्दा ज्यादा गर्न सकिहाल्नुहुन्छ नि ।" काम गर्छु भन्ने जाँगर भएकाहरूका लागि गाउँमा उपयुक्त वातावरण अहिले झन् धेरै रहेको वताउँदै उनी भन्छिन् " तरकारी खरीद गर्नेहरू बारीमै आइपुग्छन् । घरछेउमै तरकारी सङ्कलन केन्द्र रहेको छ । अहिले त, मेरा जग्गा भाडामा लिइदिनुपर्‍यो भनेर आउनेहरू पनि थुप्रै छन् । जग्गा पनि सस्तैमा भाडामा पाइने अवस्था छ । विदेश किन जानु ?" पार्वतीको छोराले अहिले बाह्र कक्षा पास गरिसकेका छन् । उनी आफ्नो छोरालाई पनि यही सन्देश दिने गर्छिन् ।

काम गर्न आत्मबल पनि बलियो हुनुपर्छ भनी ठान्ने पार्वती भन्छिन् " मेहनतका साथ काम गरेपछि सफल नहुने कुरै हुन्न । "पार्वतीको मेहनत गर्ने बानी र इमान्दारीतालाई सबैले प्रशंसा गर्छन् । उनीभित्रको उद्यमशीलतालाई देखेर उनलाई स्थानीय सङ्घ संस्थाहरूले पनि आदर र सम्मान गर्नेगरेका छन् ।

उनीभित्र काम गर्ने आत्मबल प्रशस्तै देखिन्छ । कृषि क्षेत्रका नयाँनयाँ प्रविधिबारे उनी राम्रैसँग चासो राख्छिन् । उनको तरकारीबारी कहिले बाँझो हुन्न । वर्षैभरि हरियै देखिन्छ । पाँच सात जनालाई उनले वर्षैभरि रोजगार दिनसकेकी छन् ।



उनले देखाएको यही उद्यमशीलताका कारण रैराङ गाउँपालिका क्षेत्रमा उनी सबैकी प्रिय एवं सामाजिक कार्यकर्ता समेत भएर रहेकी छन् । उनको यही लगनका कारण स्थानीय महिला समूह,खानेपानी समूहलगायतका विभन्नि समितिमा समेत उनको संलग्नता हुनेगरेको छ । उनी भने यसको सबै जस त्यहीँ गाउँको साना किसान सहकारी संस्थालाई दिन्छिन् र भन्छिन् "मभित्र जति जाँगर भएपनि यस संस्थाले मलाई पत्याएर सानो रकम कर्जा त्यतिबेला नदिएको भए आजको अवस्थामा आइपुग्न कहाँ सक्थे र ।"

कर्जा लिने बानी नपरेकी पार्वतीलाई साना किसान सहकारी संस्थाबाट ऋण लिएको दिन दुई लाख रूपैयाँ बोकी घर फर्केपछि उनको मन भारी भयो । उनी भन्छिन् "कर्जा लिएको दिन त ज्वरो नै आयो डरले ।" कर्जा खाने बानी नपरेकी पार्वतीलाई त्यस दिन त्यो दुई लाखको भारले निकै थिचेछ । तर उनले यो रकम फजुल खर्चका लागि नभएर व्यावसायिक उपयोगका लागि लिएकी थिइन् । जसले गर्दा कुनै अप्रिय अवस्था उनले सामाना गर्नुपरेन । उक्त सहकारीसँगको कारोबारको १३ वर्ष बितिसक्दा पनि उनले आजसम्म कहिले ब्याज र किस्ता भुक्तानीमा विलम्ब गरेकी छैनन् । बरु सहकारीले इमान्दार ऋणी व्यवसायीको सूचीमा राखेर उनलाई सम्मान नै गरेको छ । उक्त सहकारी संस्थाका अध्यक्ष विष्णुप्रसाद थपलिया भन्छन् "पार्वतीको कर्जा इमान्दारिता र कामप्रतिको लगावलाई हेरेरै हामीले कर्जा पत्याएका हौँ । यिनीजस्ता ऋणी त हाम्रा सम्पत्ति हुन् ।" उक्त सहकारीले उनलाई परिश्रमी उद्यमी महिला भनेर २०७४ सालमा नगद पुरस्कारसहित सम्मान समेत गरेका रहेछ ।

कुनै वर्ष तरकारीले भाउ नै पाउदैन । त्यस्तो अवस्थामा पार्वती निकै सकसमा पर्नेगर्छिन् । यस्तो स्थिति दोहोरिइरहेमा कुनैबेला कर्जा र ब्याज तिर्न नसक्ने अवस्थामा पनि पुगिन्छ कि भन्ने त्रासले यिनलाई धेरै छुने गर्छ । मेहनती र इमान्दार हुनसकेमा समाजले पनि आफूलाई सम्मान गर्दोरहेछ भन्ने पार्वतीको ठम्याइ छ । भाग्यको पछि लागेर हुन्न मेहनत चै मूल कुरा हो भन्नेमा उनी दृढ देखिन्छिन् । उनी भन्छिन् "मैले मेहनत नगरेकी भए भाग्य मलाई खोज्दै यसरी कहाँ आउथ्यो र । "

"पहिले म आफैं बैंक र सहकारी खोज्दै हिंड्थे अहिले त बैंकका कर्मचारी मलाई खोज्दै आइपुग्छन् ।" इमान्दार भएर मेहनतपूर्वक काम गरेमा आफूले लिएको कर्जाको पूरा पूरा उपयोग हुने र राम्रो प्रतिफल पाइने कुरामा उनी ढुक्क देखिन्छिन् । उसबेला साना किसान कृषि सहकारीको सम्पर्कमा नआउनुभएको भए आज कुन अवस्थामा हुनुहुन्थ्यो होला त, भन्ने हाम्रो अन्तिम जिज्ञासामा पार्वती सुनारले भनिन् "थोरै र आफूलाई खान पुग्नेगरी मात्रै खेती गरेरै बसेको हुने थिए । उसबेला साना किसान सहकारीको साथ नपाएकी भए यति ठूलो स्तरमा र व्यावसायिक रूपमा खेती गर्ने किसान चै बन्नसक्ने थिइन ।

*सङ्कलन एवम् प्रस्तुति : गोकुल चन्द्र अधिकारी*

पृष्ठ नं ४ को बाँकी अंश

# सहकारी ऐन २०७४ सम्बन्धी केही कानूनी प्रावधान

- भुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रूपमा बढाई बढी ऋण लिएमा वा दिएमा,
- ऋणको धितोस्वरूप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी सहकारी संस्थालाई हानिनोक्सानी पुऱ्याउने कार्य गरे वा गराएमा,
- सहकारी सस्थालाई हानिनोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किमसमको रकम लिन वा दिन, विना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानि पुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

सजाय : सो कसुरमा बिगो भराई बिगो बमोजिम जरिबाना गरी देहाय बमोजिमको कैद हुनेछ :

→ दश लाख रूपैयाँसम्म बिगो भए एक वर्षसम्म कैद,

→ दश लाख रूपैयाँभन्दा बढी पचास लाख रूपैयाँसम्म बिगो भए दुई वर्षदेखि तीन वर्षसम्म कैद,

→ पचास लाख रूपैयाँभन्दा बढी एक करोड रूपैयाँसम्म बिगो भए तीन वर्षदेखि चार वर्षसम्म कैद,

→ एक करोड रूपैयाँभन्दा बढी दश करोड रुपैयाँसम्म बिगो भए चार वर्षदेखि छ वर्षसम्म कैद,

→ दश करोड रूपैयाँभन्दा बढी एक अर्ब रूपैयाँसम्म बिगो भए छ वर्षदेखि आठ वर्षसम्म कैद,

→ एक अर्ब रूपैयाँभन्दा बढी जतिसुकै रूपैयाँ बिगो भए पनि आठ वर्षदेखि दश वर्षसम्म कैद,

५. कसुर ठहर

- सहकारी संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाई वा उडाई अर्कै अर्थ निस्कने ब्यहोरा पारी मिलाई लेखे वा अर्को भिन्नै श्रेस्ता राख्नेजस्ता काम गरेबाट आफूलाई वा अरू कसैलाई फाइदा वा हानिनोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानिनोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको भुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

(सजाय : सो कसुरमा दश वर्षसम्म कैद ।)

६. दफा १२२ को कसुर गर्ने उद्योग गर्ने वा त्यस्तो कसुर गर्न मद्दत पुऱ्याउने व्यक्तिलाई मुख्य कसुरदारलाई हुने सजायको आधा सजाय हुनेछ भने कसुर गर्न मद्दत पुऱ्याउने कुनै निकाय वा सङ्घ संस्था भए त्यस्तो निकाय वा सङ्घ संस्थाको प्रमुख कार्यकारी वा पदाधिकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई यस ऐन बमोजिम हुने सजाय हुनेछ ।

**कसुर, दण्ड जरिबाना तथा पुनरावेदन सम्बन्धी सहकारी ऐन, २०७४ मा भएको अन्य कानुनी व्यवस्था:**

जरिबाना हुने व्यवस्था दफा (१२५)

कसैले देहायको कुनै कार्य गरेको पाइएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकारप्राप्त अधिकारीले त्यस्तो कार्यको प्रकृति र गम्भीरताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई पाँच लाख रूपैयाँसम्म जरिबाना गर्नेछ :

- यस ऐन अन्तर्गत बनेका नियम विपरीत सदस्यसँग ब्याज लिएमा,
- सहकारी संस्थाले प्रदान गर्ने बचत र ऋणको ब्याजदरबिचको अन्तर ६ प्रतिशतभन्दा बढी कायम गरेमा,
- सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल कर्जामा पुँजीकृत गरी सोको आधारमा ब्याज लगाएमा,
- कुनै सदस्यलाई आफ्नो पुँजीकोषको तोकिए बमोजिमको प्रतिशतभन्दा बढी हुनेगरी ऋण प्रदान गरेमा,
- संस्था दर्ता गर्दाका बखतका सदस्यबाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको तीन महिना अवधि व्यतीत नभई ऋण लगानी गरेमा,
- प्राथमिक पुँजीकोषको १५गुणाभन्दा बढी हुने गरी बचत सङ्कलन गरेमा,
- शेयर पुँजीको १८प्रतिशतभन्दा बढी शेयर लाभांश वितरण गरेमा,
- सहकारी संस्थाले आफ्नो कार्यक्षेत्र बाहिर गई कारोबार गरेमा वा गैर सदस्यसँग कारोबार गरेमा,
- सहकारी संस्थाले यस ऐन विपरीत कृत्रिम व्यक्तिलाई आफ्नो सदस्यता दिएमा ।

माथि लेखिएको व्यहोराबाट कसैले देहायको कुनै कार्य गरेको पाइएमा रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले त्यस्तो कार्यको प्रकृति र गम्भीर्यताको आधारमा त्यस्तो कार्य गर्ने व्यक्तिलाई ३ लाख रूपैयाँसम्म जरिबाना गर्न सक्नेछ :

पृष्ठ नं ५ को बाँकी अंश

# कम पानीमा धेरै उत्पादन

कायम गर्दछ । यो विधिमा पानी बचत क्षमता बढी हुन्छ त्यसैले पानीको अभाव भएको क्षेत्रका लागि पानी बचाउने राम्रो टेक्नोलोजी हुन सक्छ । दक्षिणपूर्व चीनको सुख्खा क्षेत्रहरूमा पानीको उपभोग घटाउनका लागि यो विधि धान खेतीको प्रभावकारी उपायको रूपमा प्रमाणित भएको छ भने नेपालको पानी कम पाउने क्षेत्रहरूको लागि पनि यो उपयोगी हुन सक्छ ।

### स्यालो वाटर डेप्थ (Shallow water depth)

यो विधिमा धानको वृद्धि हुने अवधिभर पानीको गहिराइ परम्परागत विधिमा भन्दा कम राखिन्छ । पानी तलाएरै खेती गरिए तापनि परम्परागत विधिमा माटो सतहमा ७ देखि १० से.मी. पानी तलाईन्छ भने यो विधिमा पानीको गहिराइ माटो सतहमा १ देखि ४ से.मी.राखिन्छ । यो विधि पानी व्यवस्थापनको हिसाबले एसआरआईसँग मिल्दोजुल्दो छ र यसलाई चीनमा धानका लागि उत्तम पानी सिँचाई प्रणालीको रूपमा लिइन्छ ।

### डाईरेक्ट सिडिङ (Direct seeding)

सामान्यतया बेर्ना उब्जाएर रोपाई गर्ने गरिन्छ । बेर्ना सार्नु अगाडि खेतलाई राम्ररी खनजोत गरी पानी तलाईन्छ र त्यसमा बेर्ना रोपिन्छ । यो बाहेक अर्को तरिकाबाट पनि धान खेती गर्न सकिन्छ, जसमा बीउलाई सुख्खा वा भिजाएर सिधै खेतमा छरिन्छ । यसरी सिधै बिउ छर्ने विधिलाई डाइरेक्ट सिडिङ भनिन्छ । यो विधिमा सुरुमा धान छर्ने बेलामा खेतमा सामान्य चिसो भएमात्र पनि पुग्छ पानी तलाउन जरुरी हुँदैन । खेतलाई बोट उम्रिएर अलि ठुलो नहुन्जेलसम्म पानी तलाएर राख्न जरूरी हुँदैन । यो विधि पनि सजिलोको साथसाथै पानीको बचत गर्ने राम्रो तरिका मान्न सकिन्छ ।

→ यस ऐनअन्तर्गत बनेको नियम बमोजिम दिएको कुनै निर्देशन वा तोकिएको मापदण्डको पालना नगरेमा,

→ यस ऐनअन्तर्गत बनेको नियम बमोजिम दिनुपर्ने कुनै विवरण, कागजात, प्रतिवेदन, सूचना वा जानकारी नदिएमा,

→ यस ऐनबमोजिम निर्वाचन नगरी समिति तथा लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरू आफ्नो खुशीले परिवर्तन गरेमा,

→ कुनै सहकारी संस्थाले यस ऐनबमोजिम तोकिएको शर्त पालना नगरेमा,

→ यस ऐनअन्तर्गत बनेको नियम विपरीत अन्य कार्य गरेमा ।

जरिबाना गर्नु अघि रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सम्बन्धित व्यक्ति वा सहकारी संस्थालाई सफाई पेश गर्न कम्तीमा १५दिनको समयावधि दिनुपर्नेछ र जरिबाना गर्ने अधिकारको प्रयोग प्रदेश विषयगत सहकारी सङ्घ, प्रदेश सहकारी सङ्घ, विषयगत केन्द्रीय सहकारी सङ्घ, विशिष्टीकृत सहकारी सङ्घ, राष्ट्रिय सहकारी महासङ्घ र सहकारी बैङ्कको हकमा रजिष्ट्रार र संस्था, जिल्ला विषयगत सहकारी सङ्घ र जिल्ला सहकारी सङ्घको हकमा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले गर्नेछ ।

### रोक्का राख्न सक्ने व्यवस्था दफा (१२६)

रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले सम्बन्धित सहकारी संस्थालाई जरिबाना गर्नुका अतिरिक्त ३ महिनासम्म त्यस्तो सहकारी संस्थाको कारोबार, सम्पति तथा बैङ्क खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ र सो को जानकारी रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीलाई दिनुपर्नेछ ।

### दोब्बर जरिबाना हुन सक्ने व्यवस्था दफा (१२७)

जरिबाना भएको व्यक्ति वा सहकारी संस्थाले पुन : सोही कसुर गरेमा त्यस्तो व्यक्ति वा सहकारी संस्थालाई रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिबाना गर्न सक्दछ ।

### नेपाल राष्ट्र बैङ्कले सजाय गर्न सक्ने व्यवस्था दफा (१२८)

नेपाल राष्ट्र बैङ्कले दिएको कुनै निर्देशनको उल्लङ्घन गर्ने सहकारी बैङ्कलाई देहायबमोजिम सजाय गर्न सक्नेछ ।

- सचेत गराउने वा लिखित चेतावनी दिने,
- सुधारात्मक कदम चाल्नका लागि सञ्चालक समितिलाई कबुलियतनामा गराउने,
- बारम्बार हुने उल्लङ्घन अन्त्य गर्न, त्यसबाट अलग रहन र सुधारात्मक कदम चाल्न लिखित आदेश जारी गर्ने,
- कारोबारमा आंशिक वा पूर्ण प्रतिबन्ध लगाउने,
- संस्थाको इजाजतपत्र निलम्बन वा इजाजत रद्द गर्ने ।

नेपाल राष्ट्र बैङ्कबाट जारी भएको आदेश, निर्देशन वा इजाजतपत्रको शर्त उल्लङ्घन गरेमा, निरीक्षण तथा सुपरिवेक्षण गर्ने क्रममा माग भएको कागजात, विवरण, तथ्याङ्क वा अभिलेख तोकेको समयभित्र उपलब्ध नगराएमा वा बचतकर्ता वा सदस्यको हित विपरीत काम गर्ने त्यस्तो सञ्चालकलाई नेपाल राष्ट्र बैङ्कले देहायबमोजिम सजाय गर्न सक्नेछ :

- सचेत गराउने वा नसिहत दिने,
- निलम्बनामा राख्ने,
- पाचँ लाख रुपैयाँसम्म जरिबाना गर्ने,
- तलब, भत्तालगायतका सम्पूर्ण सुविधाहरू रोक्का राख्न समितिलाई आदेश दिने,
- त्यस्तो व्यक्ति सञ्चालक भए पदबाट हटाउन वा कर्मचारी भए त्यस्तो कर्मचारीको सेवाका शर्तसम्बन्धी कानुनबमोजिम कारबाही गर्न सम्बन्धित समितिलाई आदेश दिने ।

यस दफाबमोजिम कसैलाई सजाय गर्नु पर्दा निजलाई सफाई पेश गर्ने मनासिब मौका दिइनेछ ।

### अनुसन्धानको लागि लेखी पठाउन सक्ने व्यवस्था दफा (१२९)

कसुरका सम्बन्धमा यस सहकारी ऐन,२०७४बमोजिम अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

### नेपाल सरकार वादी हुने व्यवस्था दफा (१३०)

सजाय हुने कसुर सम्बन्धी मुद्दामा नेपाल सरकार वादी हुनेछ र त्यस्तो मुद्दा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची (१) मा समावेश गरिएको छ ।

### मुद्दा हेर्ने अधिकारीको व्यवस्था दफा (१३१)

सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा सम्बन्धित जिल्ला अदालतबाट हुनेछ ।

### उजुरी दिने हदम्यादको व्यवस्था दफा (१३२)

कसैले सजाय हुने कसुर गरेको वा जरिबाना हुने कार्य गरेको थाहापाउने व्यक्तिले त्यसरी थाहापाएको मितिले ९० दिनभित्र रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकारप्राप्त अधिकारी समक्ष उजुरी दिनसक्नेछ ।

### पुनरावेदन गर्न सक्ने व्यवस्था दफा (१३३)

जानकारी पाएको मितिले ३५दिन भित्र पुनरावेदन गर्न सक्नेछ ।

### असुल उपर गर्न सक्ने व्यवस्था दफा (१३४)

यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तिर्नु पर्ने जरिबाना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिबाना वा रकम निजबाट सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

### ए डब्लु डि (Alternate wetting and drying method (AWD)

यो विधिमा सुरूमा परम्परागत विधिमा जस्तै पानी तलाईन्छ र जब धानको बोट स्थापित हुन्छ तब खेतहरूलाई केही समय सुख्खा र केही समय पानी तलाएर राखिन्छ । ए डब्लु डि अपनाउन विभिन्न उपायहरू भए पनि किसानहरूका लागि सबैभन्दा सहज तरिका भनेको निश्चित दिन गनेर गर्ने विधि हो जसमा निश्चित दिन खेतलाई पानीले डुबाएर राखिन्छ भने निश्चित दिन खेतलाई सुख्खा राखिन्छ । यसरी निरन्तर डुबाएर राख्नुभन्दा सुख्खा समय पनि मिसाउदा पानीको बचत त हुन्छ नै सँगसँगै उत्पादन पनि बढ्ने र ग्लोबल वारमिङलाई सघाउने ग्यास, मिथेनको उत्पादन कम हुने अनुसन्धानहरूले देखाएका छन् ।

पानी बचत गर्ने प्रविधि मात्र नभई प्राकृतिक श्रोतहरूको उचित उपयोग गर्ने प्रविधिहरू बदलिदो कृषि, आर्थिक र सामाजिक परिस्थितिको आवश्यकता हो । मलेसिया, श्रीलङ्का, र युनाइटेड स्टेट्समा,उपयुक्त प्रजातिहरूको प्रसारको लागि सहयोग गर्ने टेक्नोलोजीहरू जस्तै सटिक भूमि, यांत्रिकीकृत रोपाई , सटिक पानी व्यवस्थापन, झार नियन्त्रण, पोषक व्यवस्थापन, र यांत्रिकीकृत फसल काट्ने र दाना छुट्याउनेसहित नयाँ प्रविधिको प्रचार गरिन्छ । नेपालमा पनि त्यस्तै अभ्यास हुन जरूरी छ । धान खेती गर्न कुनै नयाँ प्रविधि अपनाउने हो भने त्यसको लागि उचित प्रजातिदेखि लिएर अन्य सहयोगी टेक्नोलोजीहरू सँगसँगै अपनाउनु जरूरी हुन्छ । नेपालमा परम्परागत तरिकाबाटै धान खेती गरिन्छ । माथि उल्लेखित प्रविधिहरू कम मात्र उपयोगमा आएको छ । नेपालमा नै यस्ता प्रविधिहरू परीक्षण र प्रयोग गरी प्रचार गर्न सकियो भने जलवायु परिवर्तनको कारण धान उत्पादनमा हुने पानीको अभावको असर कम गर्न सकिन्छ ।

पृष्ठ नं ३ को बाँकी अंश

# साना किसान कृषि प्रशिक्षार्थी कार्यक्रमको प्रभावकारिता

तालिमबाट प्राप्त गर्नसक्ने र त्यसलाई नेपालमा भित्र्याउनसक्ने भएकाले पनि यस्तो प्रशिक्षण कार्यक्रमको महत्व उच्च रहेको छ ।

- कृषि प्रधान मुलुकका नागरिक भएर पनि हाम्रा युवाहरू कृषिमा आकर्षित हुन सकिरहेका छैनन् । ग्रामीण भेगमा छरिएर रहेका यी युवाहरूलाई कृषिकर्ममा आकर्षित गरी रोजगारी सिर्जना गर्न यस्तो अभियान आवश्यक देखिन्छ ।
- नेपालको कृषि क्षेत्रका समस्याको कुरा गर्दा प्राविधिक ज्ञान भएका जनशक्तिको अभावलाई पनि ठूलो समस्याको रूपमा चित्रण गर्नेगरिएको छ । हरेक वर्ष सैयौंको संख्यामा हाम्रा युवाहरू त्यहाँ पुगेर सीप र प्राविधिक ज्ञान लिएर फर्कनुले यो समस्यालाई हल गर्न केही हदसम्म सघाउ पुग्दैगएको पनि देखिन्छ ।

## प्रशिक्षणका लागि छनौट पद्धति:

यस कार्यक्रम अन्तरगत इजरायलमा गई कृषि सम्बन्धी प्रशिक्षणका लागि यस वित्तीय संस्थासँग आबद्ध भएका देशका विभिन्न जिल्लाका साना किसान कृषि सहकारी संस्थाका साना किसान सदस्यका छोराछोरी मात्र सहभागी हुनसक्ने व्यवस्था छ । कृषि प्रशिक्षणका लागि बाह्र कक्षा उत्तीर्ण गरेका र २० देखि ३० वर्ष उमेर समूहका योग्य र इच्छुक युवाहरूमध्येबाट गोलाप्रथा एवम् अन्तरवार्ता विधिबाट प्रशिक्षार्थीहरूको छनौट गर्नेगरिन्छ । इजरायल जाने प्रशिक्षार्थीहरूले अनिवार्यरूपमा सिटिभिटि अन्तरगत देशको विभिन्न प्राविधिक शिक्षालयमा भर्ना भई, जानु अघि २०० घण्टा तालिम र फर्किसकेपछि ४०० घण्टा सैद्धान्तिक र व्यावहारिक तालिम लिनुपर्ने हुन्छ । तालिमका सहभागीहरूले इजरायली नियम र मापदण्डअनुसारको पारिश्रमिक पनि प्राप्त गर्ने व्यवस्था रहेको छ । तालिम समाप्त भएपछि सहभागीहरूले सिकेका कुराहरूको प्रस्तुतिसहित सो तालिम केन्द्रमा अनुसन्धान प्रतिवेदन बुझाउनुपर्ने व्यवस्था रहेको छ ।

माथिको तालिका अनुसार विगत ७ वर्षको अवधिमा यो तालिम कार्यक्रमबाट ३ हजार १ सय ६१ जना युवा कृषकहरू लाभन्वित भइसकेका छन् । यसमध्ये २ हजार ६ सय ७७ जना तालिम सम्पन्न गरी नेपाल फर्किसकेका छन् भने ४ सय ८४ जना हाल तालिम लिइरहेको अवस्थामा छन् । नेपाल फर्केकामध्ये अधिकांशले आफूले पाएको सीप र ज्ञानलाई एकल वा सामूहिक व्यवसायमार्फत उपयोग गर्नेगरेका छन् । यस किसिमको कृषि प्रशिक्षण कार्य सम्पन्न गरी फर्किएर आएकाहरूमध्ये ४० प्रतिशतभन्दा बढी प्रशिक्षार्थीहरूले कृषि व्यवसायको काम गर्नेगरेका छन् । प्रशिक्षार्थीहरूमा मेहनतका साथ जिम्मेवारीपूर्वक काम गर्ने बानी बसेको छ । साथै जस्तोसुकै परि स्थितिलाई पनि सामना गरेर आफ्नो व्यवसायलाई सफल तुल्याउने आत्मविश्वास उनीहरूमा वृद्धि भएको छ ।

## निष्कर्ष

इजरायलबाट कृषि तालिम लिएर फर्केका युवा प्रशिक्षार्थीहरूमा कृषिप्रतिको आकर्षणता तालिम लिन जानु अघिको तुलनामा वृद्धि भएको देखिन्छ । उनीहरूको काम गर्ने शक्ति र क्षमतामा पनि विकास भएको पाइन्छ । यो प्रशिक्षणले उनीहरूभित्रको अत्मविश्वास चुलिएको छ । । आफनो ज्ञान र सिकेको सीपबाट आफनो गाउँका अन्य साना किसानहरूलाई समेत लाभान्वित बनाई कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्ने अभियानमा उनीहरू लागिपरेका छन् । रोजगारीको खोजीमा विदेश जानुपर्ने मानसिकतालाई न्यून तुल्याउन यो अभियानले महत्वपूर्णरूपमा सघाउ पुऱ्याएको छ । आफू आबद्ध भएको साना किसान कृषि सहकारी संस्थाहरूमार्फत उनीहरूले आफ्नो उत्पादनलाई बिक्रीवितरण गर्न यथोचित सहयोग पाएमा विपन्न र साना किसानहरूको जीवनमा सकारात्मक परिवर्तन आउन सक्ने देखिन्छ ।







